का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ कात्तिक २०८१,
शुक्रबार
8 November, 2024
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २५९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## भारतले बढाएको दबाब

**शिव विक/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक ।

प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो औपचारिक विदेश भ्रमण चीनबाट सुरू हुने लगभग निश्चित भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री ओली डिसेम्बर २ देखि ६ अर्थात आगामी मंसिर १७ देखि २१ गतेसम्म औपचारिक भ्रमणका लागि चीन जाने तय भएको छ । तर औपचारिक घोषणा हुन बाँकी छ ।

यसबीचमा प्रधानमन्त्री ओलीको भारत भ्रमणको प्रयास समेत जारी छ । पूर्वपरराष्ट्रमन्त्री समेत रहेका एमाले नेता प्रदीप ज्ञवालीले प्रधानमन्त्री ओलीको भारत भ्रमणको प्रयास जारी राखेका छन् । चीन भन्दा पहिले भारत गएर विश्वास बढाउने प्रधानमन्त्री ओलीको चाहना अझै रहेको उनी निकटस्थहरू बताउँछन् ।



पूर्वपरराष्ट्रमन्त्री समेत रहेका एमाले नेता प्रदीप ज्ञवालीले प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणको प्रयास जारी राखेका छन् । चीन भन्दा पहिले भारत गएर विश्वास बढाउने प्रधानमन्त्री ओलीको चाहना अझै रहेको उनी निकटस्थहरु बताउँछन् ।

भारतले भने भ्रमणको निम्तो नदिएर प्रधानमन्त्री ओलीमाथिको दबाब कायमै राखेको छ । भारतको दबाबका बाबजुत प्रधानमन्त्री ओलीले चीन भ्रमणको समय तय गरेर तयारी अगाडि बढाएका छन् । बुधबार मात्रै नेकपा एमाले र नेपाली कांग्रेसले प्रधानमन्त्री ओलीको चीन भ्रमणको तयारीको जिम्मेवारी परराष्ट्रमन्त्री डा.आरजु राणालाई दिएका छन् ।

चीनबाट भ्रमणका लागि मितिबारे जानकारी आएसँगै प्रधानमन्त्री ओलीले परराष्ट्र मन्त्री राणा देउवालाई भ्रमणको तयारी गर्न निर्देशन दिइसकेका थिए । प्रमुख दुई सत्ताघटक दलले उनै राणालाई भ्रमणको तयारी गर्ने जिम्मेवारी नै दिएका छन् ।

चीन भ्रमणकै तयारीका निम्ति परराष्ट्र मन्त्री राणाले अजरबैजानको बाकुमा हुन लागिरहेको जलवायु परिवर्तनसम्बन्धी सम्मेलन कोप २९ मा सहभागी हुन जाने कार्यक्रम स्थगित गरेकी छिन् । यही कात्तिक २५ गते राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा पृष्ठ २ मा



काठमाडौंस्थित कमलपोखरीमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व मनाउँदै भक्तजन । **तस्बिर : अस्मिता बम/मध्यान्ह ।**

## राजीनामा दिएर उम्कने प्रयास

निवर्तमान कानूनमन्त्री लिलाबल्लभ अधिकारीसँगै जापान पुगेका र डिपोर्ट भएका व्यक्तिहरूले १० देखि १३ लाखसम्म बुझाएको बयान प्रहरीसमक्ष दिएका छन् ।



के राजीनामा दिँदा मात्र मुद्दा समाधान हुन्छ ? जापानको अध्यागमनले स्वीकार नगरेको र भ्रमणको औचित्य प्रमाणित गर्न नसकेको घटनापछि सरकारमा रहेको पार्टीले कुनै कारबाही नगरी चुप लागेर बस्नुमा प्रश्न उठेको छ ।

**निशा डाँगी, सचेतक, रास्वपा**



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक ।

मानव तस्करीमा जोडिएका कोशी प्रदेशका निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीमाथि अनुसन्धान गर्नुपर्ने चौतफी दबाब बढेको छ । अधिकारीसँगै जापान गएकाहरू पक्राउ परेका छन् । तर प्रहरीले अधिकारीसँग सोधपुछ समेत गरेको छैन । अधिकारीसँगै जापान पुगेका र डिपोर्ट भएका व्यक्तिहरूले प्रहरीसमक्ष १० देखि १३ लाखसम्म पृष्ठ २ मा

## सिंहदरबारको कञ्जुस्याइँ

‘प्राकृतिक स्रोतको उपयोग खै ?’ भनेर नागरिकले प्रश्न गर्दा स्थानीय सरकारसँग छैन । किनकि संघीय सरकारले संघीय ऐन नै बनाएको छैन ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक ।

संविधानमा तीन तहको अधिकार क्षेत्र तय गरिएको छ । तर त्यसलाई कार्यान्वयन गर्ने ऐन नबन्दा संविधानतः प्राप्त अधिकार स्थानीय सरकारले उपयोग गर्न पाइरहेका छैनन् ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले हालै संघ, प्रदेश र स्थानीय तहको संवैधानिक क्षेत्राधिकारबारे स्थलगत अध्ययन गरेको छ । जसले कानूनी स्पष्टता नहुँदा अधिकार भएर पनि स्थानीय सरकार अधिकारहीन जस्तो हुन पुगेको निष्कर्ष निकालेको छ ।

‘प्राकृतिक स्रोतको उपयोग खै ?’ भनेर नागरिकले प्रश्न गर्दा स्थानीय सरकार अगाडि बढ्न सक्ने स्थिति छैन । किनभने संघीय सरकारले संघीय वन ऐन बनेको छैन भनेर काम गर्न दिँदैन ।

विधायन व्यवस्थापक समितिकी सभापति जयन्तीदेवी राईका अनुसार ‘प्राकृतिक स्रोतको उपयोग खै ?’ भनेर नागरिकले प्रश्न गर्दा स्थानीय सरकार अगाडि बढ्न सक्ने स्थिति छैन । किनभने संघीय सरकारले संघीय वन ऐन बनेको छैन भनेर काम गर्न दिँदैन ।

उनी भन्छिन्, ‘सामाजिक आर्थिक दायित्व, राजश्व संकलन लगायत क्षेत्रमा कुन तहको कति अधिकार ? के काम कुन तहको सरकारले गर्न पाउने ? के नपाउने ? यसमा कानूनी स्पष्टता नहुँदा संविधानतः प्राप्त अधिकार स्थानीय तहले प्रयोग गर्न पाएको देखिएन ।’



सामाजिक आर्थिक दायित्व, राजस्व संकलनलगायत क्षेत्रमा कुन तहको कति अधिकार ? के काम कुन तहको सरकारले गर्न पाउने ? के नपाउने ? यसमा कानूनी स्पष्टता नहुँदा संविधानतः प्राप्त अधिकार स्थानीय तहले प्रयोग गर्न पाएको देखिएन ।

**जयन्तीदेवी राई**
**सभापति**
**विधायन व्यवस्थापन समिति**

तीन तहको बीचमा समन्वय हुनुपर्ने विषयमा समन्वय हुन नसक्दा वा यससम्बन्धी कानूनी स्पष्टता नहुँदा यसको प्रत्यक्ष असर स्थानीय तहमा परेको हो । संसदीय समितिको प्रतिवेदनमा भनिएको छ, ‘कतिपय संघीय तहहरूबीच समन्वय हुनुपर्ने प्रकृतिका विषयमा सारभूत रुपमा समन्वय प्रभावकारी हुन नसकेको पाइएको छ, जसको छायाँ स्थानीय तहमा परेको अवस्था छ ।’

अध्ययन प्रतिवेदनका अनुसार नागरिकले स्थानीय तहको अधिकार थाहा पाएका छन्, तर प्राप्त अधिकार प्रयोगका लागि स्थानीय तहले आवश्यक कानून पाएका छैनन । यस्तोमा नागरिकले प्रश्न गर्ने, तर स्थानीय सरकारले क्षेत्राधिकारको अस्पष्टताले काम गर्न पनि नसक्ने अवस्था रहेको छ ।

नागरिकले स्थानीय सरकारसँग सिंचाइमा समस्या, खानेपानीमा समस्या राख्छन् । तर यसको जिम्मा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विदेश जाने दक्ष कामदारको संख्या पनि बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ कात्तिक

विदेशमा उच्चदरको आकर्षक तलब, सुविधा पाउने पदमा जाने दक्ष कामदारको संख्या बढेको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो तीन महिनाको अवधिमा ९ सय ४८ जनाले प्रोफेसनल अर्थात पेसागत श्रम स्वीकृति लिएका छन् ।

गत वर्ष असोज मसान्तसम्म त्यस्तो प्रोफेसनल अर्थात पेसागत जनशक्ति २ सय ७२ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । प्रतिशतका हिसावले यो संख्या २ सय ५० को हाराहारीमा छ ।

प्रोफेसनल अर्थात पेसागत वर्गमा डाक्टर, इन्जिनियर, अनुसन्धानकर्ता, कम्प्युटर तथा मेकानिकल इन्जिनियर, प्राध्यापक, प्रशिक्षक, बैंकरलगायत कम्पनीलाई प्रमुख वा सहायक पदमा नेतृत्व प्रदान गर्न सक्ने उच्च बौद्धिक क्षमता भएको जनशक्ति मानिन्छन् । नेपालबाट बाहिरिएको उच्च दक्ष अर्थात दक्ष जनशक्तिमा महिलाको संख्या पनि उल्लेख्य छ ।

नेपालमा रोजगारीको कमी, रोजगार पाइहाले पनि तलब तथा सेवा सुविधाको न्यूनता तथा राजनीतिक अस्थिरताले निजी क्षेत्रलाई पनि प्रभाव पारेका कारणले उच्चस्तरीय क्षमताको जनशक्ति बाहिरिने क्रममा दैनिक बढोत्तरी पृष्ठ २ मा

## साउदीमा अब घरेलु कामदारले स्पोन्सर बदल्न पाउने

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया, २२ कात्तिक

साउदी अरेबियामा घरेलु कामदारले रोजगारदाता (स्पोन्सर) बदल्न पाउने भएका छन् । साउदी अरेबियाले घरेलु श्रमिकको भर्ना प्रणालीमा सुधार गर्दै रोजगारदाता र श्रमिकबीचको सम्बन्ध सुधार गर्ने उद्देश्यले नयाँ नीति सार्वजनिक गरेको हो । रोजगारदाता परिवर्तनका लागि २ महिनाको समय दिइएको छ ।

साउदीको मानव संशाधन मन्त्रालयका अनुसार घरेलु श्रमिक आएको पहिलो २ वर्षभित्र सम्झौता भंग गरेमा त्यसको दुई महिनाभित्र देश छाड्नुपर्ने वा श्रमिकले २ वर्षपछि काम गर्न छाडेमा ६० दिनभित्र नयाँ पृष्ठ २ मा

**Vacancy Announcement**

A leading foreign recruitment agency is seeking the following position urgently.

Recruiting Manager - 1 (Male)
Pro - 5 (Female)
Documentation - 2 (Female)

Preferable with job experience in related field of manpower.

SALARY - NEGOTIABLE

श्रम इजाजत नं. ९११/०६७/०६८

**Victory Nepal Pvt.Ltd.**
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, Email: info@victorynepal.com मोबाईल नं.:९८५११३१२२९

**Cyprus मा रोजगार**

कम्पनी : ORTHODOXOU EMPLOYMENT BUREAU LTD. शहर: LARNACA
पूर्व स्वीकृत मितिः २०८०/३/१९ चलानी नं.:६०२०५१५७ L.T. No.: 289701 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 465 | ६७,०५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८८,२५६ | | | | | | | |
| 3. | Domestic Worker | 0 | 4 | | 315 | ४५,४२६ | | | | | | | |
| 4. | Waiters/waitresses | 4 | 2 | | 787 | १,१३,४९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LIC. NO. 746/064/065
**EQUATOR INTERNATIONAL (P.) Ltd.**
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल । Tel No: 014986469 / 014986470, Mob.: 98510-96808, 98510-34986, 98510-11886, Email: equator746@gmail.com | Website: www.equatorintl.com

मध्यान्ह
www.madhyanhadaily.com
२३ कात्तिक २०८१, शुक्रबार
8 November 2024, Friday

# बौद्धमार्गी विद्वानहरूलाई लुम्बिनी भ्रमण गर्न आग्रह

**काठमाडौं/मस–** लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामाले बौद्धमार्गी विद्वानहरूलाई भगवान बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्न आग्रह गरेका छन् ।

भारत सरकारको आयोजनामा नयाँ दिल्लीमा सम्पन्न प्रथम 'एसियन बुद्धिस्ट समिट- २०२४' लाईसम्बोधन गर्दै डा.लामाले भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा विश्वका सबै बौद्धमार्गी विद्वानहरुको स्वागत गर्न लुम्बिनी विकास कोष आतुर रहेको बताएका हुन् ।

उनले विश्वमा शान्तिको सन्देश फैलाउन शान्तिका अग्रदूत गौतम बुद्धका सन्देशहरु अहिले झन् सान्दर्भिक रहेकाले एसियन बुद्धिस्ट समिट र यस्तै कार्यक्रमहरूको आयोजना थप आवश्यक रहेको पनि चर्चा गरे ।



उनले बुद्धका शान्ति र सहिष्णुता एवं सत्यसम्बन्धी सन्देशहरु संसारभर फैलाउन र बौद्ध दर्शन र परम्पराबारे थप खोज अनुसन्धान आवश्यक रहेकामा पनि जोड दिए । यस्ता सम्मेलन एवं छलफल कार्यक्रमहरुले विश्वमा बौद्ध दर्शन र सिद्धान्तहरुको प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास पनि उपाध्यक्ष लामाले व्यक्त गरे ।

उनले बौद्ध शिक्षाका माध्यमबाट एसिया क्षेत्रलाई अझ विकसित बनाउन सकिने धारणा राख्दै बुद्ध मार्गले कला, साहित्य, बास्तुकला र ध्यानका माध्यमबाट सम्पूर्ण एसियालाई नै एकताबद्ध गरेर जोडेको बताए ।

विश्वमा र अझ बढी एसियाली मुलुकहरुमा बुद्ध धर्म र बौद्ध शिक्षाको अनुशरण विभिन्न तरिकाबाट भइरहेको प्रसङ्ग पनि उनले उल्लेख गरे ।

उनले लुम्बिनी विकास कोषले पनि बुद्ध धर्म र बौद्ध शिक्षालाई विशेष महत्व दिएर कार्यक्रमहरुको आयोजना गर्ने गरेको र यसलाई आगामी दिनमा निरन्तरता दिने धारणा राखे । एसियाली बौद्ध सम्मेलनको आयोजना गरेकामा भारत सरकारलाई उनले विशेष धन्यवाद ज्ञापन गरे ।

बिहीबार सम्पन्न सो सम्मेलनमा नेपालसहित एसियाली देशका बौद्ध दर्शनमा आस्था राख्ने विद्वान एवं बौद्धमार्गीहरुको सहभागिता रहेको लुम्बिनी विकास कोषले जनाएको छ ।

# तेजरत्न आँखा उपचार केन्द्रलाई २० लाख सहयोग



**संखुवासभा/मस–** संखुवासभा सदरमुकाम खाँदबारीमा समुदायद्वारा सञ्चालित तेजरत्न आँखा उपचार केन्द्रलाई स्थानीय मनोजकुमार श्रेष्ठको परिवारले रु २० लाख प्रदान गरेको छ ।

एक कार्यक्रमकाबीच श्रेष्ठले आँखा उपचार केन्द्रलाई रु २० लाखको चेक हस्तान्तरण गरे । उनीहरुले उक्त रकम गरीब, असहाय, दलित र विपन्नको उपचारमा खर्च गर्ने गरी प्रदान गरेका हुन् ।

नेपाल नेत्र ज्योति संघ संखुवासभाका अध्यक्ष अनन्तकुमार गौलीले दाताबाट प्राप्त रकम अक्षयकोषका रुपमा राखिने र त्यहाँबाट प्राप्त ब्याजले उपचार गर्न नसक्ने आँखा रोगीहरुको उपचार गरिने बताए ।

यसअघि श्रेष्ठका पाँच दाजुभाईले दिवंगत बुवाआमा तेजबहादुर र रत्नकुमारी श्रेष्ठका नाममा तेजरत्न आँखा अस्पताल निर्माण गर्न ५० लाख नगद र छ रोपनी जग्गा निशुल्क दान गरेका थिए ।

तेजरत्न आँखा उपचार केन्द्रमा वार्षिक चार हजार आँखाका रोगी उपचारका लागि आउने गर्छन् । वार्षिक छ सय बढीको मोतियाबिन्दुको निशुल्क शल्यक्रिया गर्ने गरेको आँखा उपचार केन्द्रले जनाएको छ। केन्द्रले कानको समेत उपचार सेवा दिँदै आएको छ ।

# प्लाष्टिकका सामग्रीले पुख्यौंली पेसा संकटमा

**सुनसरी/मस–** सुनसरी हरिनगर गाउँपालिका-२ का भटाई मरिक दुई जनाको सहारामा दुई दिनमा एउटा बाँसको ढाकी बनाउँछन् । उनलाई बाँसको कोनिया बनाउन एक दिन मात्र लाग्छ ।

बिहानै हातमा कुखुरी लिएर घरबाट निस्कने भटाई छठ पर्वका बेलामा बाँसका सामग्री बनाएर वर्षभरिलाई खान र घर खर्च चलाउन रकम जुटाउने गर्छन् ।

यस वर्ष भने सोचेजस्तो बाँसका सामग्री बिक्री नभएको उनको गुनासो छ । भटाईले गर्त वर्ष छठका बेलामा एक सय ५० वटा कोनिया र एक सय २५ वटा ढकीया बिक्री गरेका थिए ।

यस वर्ष ५० देखि एक सयसम्म कोनिया र ९० वटा ढकीया बिक्री भएको उनले बताए । उनीजस्तै हरिनगर-२ का बिन्देश्वर मरिकले छठ पर्वका बेला बाँसका सामग्री बनाएर साहु तथा यजमानबाट लिएको ऋण तिर्ने सोचेका थिए ।

वर्षभरि घर खर्च जेनतेन चलाउने मरिक समुदायका अधिकांशले चाडपर्वलाई खर्च जुटाउने अवसरका रुपमा लिने गरेका छन् । सोचेअनुसारको बिक्री नहुँदा



आम्दानी घटेको बिन्देश्वरले बताए। आधुनिकताको विकाससँगै बजारमा आएका प्लाष्टिकका सामग्रीको प्रयोग बढेसँगै बाँसका सामग्री बिक्री हुन छोडेका उनको भनाइ छ । यसले गर्दा जीविकोपार्जनमा समस्या भएको गीता मरिकले बताए । बिहानै बाँसलाई काटनुका साथै आवश्यकता अनुसार फोड्ने, काट्ने र सामग्री निर्माण गर्ने गरिएको भन्दै बनाइएको सामग्री बिक्री नहुँदा आर्थिक अभाव सृजना हुने गीताको भनाइ छ ।

बर्सेनि छठ पर्व मनाउनको सङ्ख्या बढ्दै गए पनि बाँसका सामग्रीको कारोबारमा कमी आएको मरिक समुदायका व्यक्तिले बताएका छन् । अहिले बजारमा पित्तलका कोनिया, ढाकी पाउनुका साथै प्लाष्टिकबाट निर्मित नाङ्लोलगायत सामग्री पाउन थालेकाले बाँसका सामग्री बिक्री हुन छोडेका चन्दन मरिकले बताए।

लोक आस्था, विश्वास र श्रद्धाको पर्वका रुपमा रहेको छठमा विगतका बर्षमा बाँसबाट निर्मित सामग्रीको प्रयोग बढी हुने गरेकामा पछिल्ला केहीवर्षयता आधुनिक प्लाष्टिकका सामग्रीको प्रयोगले परिक समुदायको पुर्ख्यौली पेसा संकटमा परेको बिन्देश्वरले बताए।

मरिक समुदायको पुर्ख्यौली पेसाका रुपमा रहेको बाँसका सामग्री मनाउने कामलाई संरक्षण गर्नुका साथै बजारीकरणमा स्थानीय तह तथा सरोकार भएका निकायले सहयोग गर्नुपर्ने मरिक समुदयका अगसवाको भनाइ छ ।

# निरीक्षकको लापरबाहीले अनुत्तीर्ण छात्र राष्ट्रिय परीक्षा बोर्डद्वारा उत्तीर्ण

**खोटाङ/मस–** माध्यमिक शिक्षा परीक्षा (एसइई)मा परीक्षा निरीक्षकको लापरवाहीले अनुत्तीर्ण भएका एक छात्रलाई राष्ट्रिय परीक्षा बोर्डले उत्तीर्ण घोषित गरेको छ । केपिलासगढी गाउँपालिका-५ सप्तेश्वरस्थित थर्पुडाँडा माध्यमिक विद्यालयका छात्र शिवकुमार राईको उत्तरपुस्तिका निरीक्षकले नियतवस केरमेट गरेर अनुत्तीर्ण गराएको आरोपसहित ती छात्रका आफन्तले बोर्डमा उजुरी दिएका थिए । उजुरीका आधारमा राष्ट्रिय परीक्षा बोर्डले पुनः उत्तरपुस्तिका परीक्षण गरी उत्तीर्ण भएको सूचना सार्वजनिक गरेको हो। विसं २०८० चैत-२० गते पृथ्वी माध्यमिक विद्यालय बाक्सिला केन्द्रमा भएको अनिवार्य विज्ञान तथा प्रविधि विषयको परीक्षाको उत्तरपुस्तिकामा निरीक्षकले केरमेट गरिदिएका थिए। गत असोज-१३ गते उत्तरपुस्तिका पुनः परीक्षणका लागि निवेदन दिएपछि यही कात्तिक-४ गते राष्ट्रिय परीक्षा बोर्डबाट प्रकाशित सूचनामा शिवकुमारको नतिजा सुधार भएर आएको बुवा परशुराम राईले जानकारी दिए । हालै प्रकाशित नतिजाअनुसार शिवकुमार ३.४५ जीपीएसहित उत्तीर्ण भएका छन् ।

# जेठोबुढो धानमा गभारो लागेपछि किसान चिन्तित



**गण्डकी/मस–** जेठोबुढो धानको 'पकेट' क्षेत्रका रुपमा परिचित पोखराको फेवाफाँटका किसान बालीमा गभारो लागेकाले चिन्तित छन् । बालमा अन्न लागेको छैन । पराल पनि पशुले नखानेगरी बिग्रिएको छ ।

गभारोका कारण यहाँको एक हजार रोपनी क्षेत्रफलमा लगाएको जेठोबुढो खेर गएको तथा अरोगका कारण पराल पनि उपयोग नहुने स्थानीय किसान देविललाल लामिछानेले दुखेसो गरे । गभारोले यस अघि बाली सखाप नपारेको अनुभव उनले सुनाए ।

रोगबारे आफूहरू अनभिज्ञ रहेको पीडित किसानले बताएका छन् । यसैबीच, पोखरा महानगरपालिका कृषि महाशाखाको एक टोलीले फेवाफाँट पुगेर बाली निरीक्षण गरेको छ । फेवाफाँटमा गभारोको प्रकोप रहेछ। समयमा नै जानकारी पाएको भए क्षति घटाउन सकिन्थ्यो अब ढिलो भइसकेको महाशाखा प्रमुख मनोहर कडरियाले बताए । उनले पीडित किसानलाई कृषि सम्बद्ध संस्थाहरूबाट सहयोग हुनुपर्नेमा जोड दिए ।

# डा. ओम फाउण्डेसनद्वारा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन

**काठमाडौं/मस–** डा.ओम फाउन्डेसनले महोत्तरीको बलवा नगरपालिकास्थित धमौरामा तीन दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

शिक्षा तथा समाजसेवी स्व.तेजनारायण सिंहको दोस्रो वार्षिक पूण्यतिथिको सन्दर्भमा फाउन्डेसनले शिविर सञ्चालन गरेको हो ।

विशेषज्ञ चिकित्सक, चिकित्सा शास्त्र अध्ययन गरिरहेका विद्यार्थी तथा स्वास्थ्यकर्मीहरूको समूहले बलवा नगरपालिकाको ग्रामीण भेगका न्यून आय भएका तथा सीमान्तकृत समुदायका मानिसको मुटुरोग, मधुमेह, उच्च रक्तचाप, कोलस्टोरेललगायतका जाँच गर्नुका साथै अन्य स्वास्थ्य समस्याका बारेमा आवश्यक परामर्श दिएको थियो ।

शिविरमा इको, इसिजी, सुगर जाँच गरी एक महिनासम्मका लागि निःशुल्क औषधिसमेत प्रदान गरिएको थियो। शिविरमा स्थानीयवासीलाई खानपान, स्वास्थ्यसम्बन्धी सचेतना गराइएको फाउन्डेशनले जनाएको छ । शिविरमा तीन सय बढीले निशुल्क स्वास्थ्य सेवा लिएका छन् ।



शिविरमा आएका ४० वर्ष उमेर समूहका महिलाहरुमा मधुमेहको समस्या देखिएको वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलले बताए । उनले भने, 'उहाँहरूमा मोटोपना थिएन, पारिवारिक पृष्ठभूमिमा पनि मधुमेह थिएन, सामान्य खानपान र स्वस्थ जीवनशैली अपनाएका थिए । तथापि, समस्या देखियो ।'

शिक्षा तथा समाजसेवी स्वर्गीय तेजनारायण सिंहले आफ्नो जन्मस्थान धमौराको शिक्षा, कृषिको विकास तथा न्यून आय भएका तथा सीमान्तकृत समुदायको आयआर्जन बढाउन विभिन्न क्रियाकलाप गरेका थिए । उनले २०२७ सालमा आफ्नै जमिनमा विद्यालय स्थापना गरी दुई दशक बढी व्यवस्थापनको जिम्मेवारी निर्वाह गरेका थिए । उक्त विद्यालय हाल जनता राष्ट्रिय उच्च माविका रूपमा सञ्चालनमा छ । सो विद्यालयमा दुई हजार विद्यार्थी अध्ययनरत छन् ।

सिंहले साना किसानहरूको आयआर्जन बढाउन नगदेबाली तथा आधुनिक खेती गर्न किसानलाई सहजीकरण गरेका थिए। स्वर्गीय पिता तेजनारायणबाट प्रेरित भएर मुटुरोग विशेषज्ञ डा. अनिलले सन् २०२३ मा स्थापना गरेको उक्त फाउन्डेसनले स्वास्थ्य, शिक्षा र सामाजिक रुपान्तरणका निम्ति कार्य गर्दै आएको छ ।

उनले बुबा स्वर्गीय तेज नारायण सिंहसँगको सामिप्यता, आमाबुबाप्रतिको समर्पणभाव, पारिवारिक सम्बन्धका बारेमा लेखेको पुस्तक जीवन्त सम्बन्ध ३० हजार बढी प्रति बिक्री भएको छ। सो पुस्तकको बिक्रीबाट प्राप्त रकम फाउन्डेसनमार्फत् स्वास्थ्य, शिक्षा र सामाजिक रुपान्तरणका क्षेत्रमा खर्च गर्दै आइरहेका छन् ।

## भारतले...

नेपालको प्रतिनिधि मण्डल बाकु जाँदैछ। परराष्ट्र मन्त्री राणा पनि सँगै बाकु जाने तयारीमा थिइन् । तर प्रधामन्त्री ओलीले चीन भ्रमणको तयारी गर्नुपर्ने भनेपछि बाकु भ्रमण स्थगित गरिएको हो । त्यसपछि बाकु जाने कार्यक्रम स्थगित गरेर परराष्ट्रमन्त्री राणा प्रधानमन्त्री ओलीको चीन भम्रणको तयारीमा लागेकी छन् ।

चिनियाँ प्रधानमन्त्री ली छ्याङले प्रधानमन्त्री ओलीलाई सम्बोधन गरेर पत्र लेख्दै आगामी डिसेम्बर २ देखि ६ सम्म चीन भ्रमणको औपचारिक निम्तो दिइसकेका छन् । तर यसको औपचारिक घोषणा भने दुवै देशले गरिसकेका छैनन्।

संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिका गएका बेला प्रधानमन्त्री ओली र चिनियाँ विदेशमन्त्री वाङ यीबीच असोज ११ गते न्यूयोर्कमा भेट भएको थियो । उक्त भेटमा वाङले नोभेम्बरको अन्तिम या डिसेम्बरको सुरूवातमा भ्रमण गर्ने गरी प्रधानमन्त्री ओलीलाई निम्ता गर्ने बताएका थिए ।

तथापि, परराष्ट्रमन्त्री राणाले प्रधानमन्त्री ओलीको भारत भ्रमणको पनि कोसिस गरिरहेको उनी निकटतस्थहरू बताउँछन् । प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच पनि अमेरिकामा भेट भएको थियो । त्यसबेला प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । तर, भारतीय पक्षले प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तो दिएन ।

नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त सरकार ढालेर एमालेका अध्यक्ष ओली गत असार ३० गते प्रधानमन्त्री नियुक्त भएका थिए । प्रधानमन्त्री नियुक्त भएपछि ओलीले भारत र चीन दुवै देशको भ्रमण गरेका छैनन् ।

## राजीनामा...

बुझाएको बयान दिएका छन् । रकम नै लिएर जापान पुऱ्याउने कार्यमा अनुसन्धान अगाडि बढ्दा निवर्तमान मन्त्री अधिकारीसँग भने सोधपुछ समेत नगरिएको भनेर सरकारको आलोचना भएको छ। विवादमा परेपछि अधिकारीले मन्त्री पदबाट भने राजीनामा दिएका छन् ।

अधिकारी एउटा कार्यक्रममा सहभागी हुन भनेर जापान गएका थिए। तर जापान जाँदा उनले कोशी प्रदेश मन्त्रिपरिषद् र संघीय सरकारसँग अनुमति लिएका थिएनन् ।

बिना अनुमति जापान गएका अधिकारी निम्ता नै नभएको कार्यक्रममा जान भनेर जापान उडेको जापानकै अध्यागमनले रोकेपछि बाहिरिएको हो । अझ मन्त्रालयसँग असम्बन्धित व्यक्तिलाई कर्मचारी भनेर परिचपयपत्र समेत दिलाएर जापान लगेको थाहा पाएपछि जापानले विमानस्थलमा ४८ घण्टा राखेर अधिकारीसहितको टोलीलाई नेपाल फर्कादिएको थियो । त्यसपछि यो विषय बाहिरिएको हो ।

प्रहरीका अनुसार मन्त्री अधिकारीसँगै जापान गएकाहरू खोटाङका दावा शेर्पा र जनक राई, रसुवा कञ्चन देवकोटालाई जापानले डिपोर्ट गरिदिएको हो ।

जापानको अध्यागमनले डिपोर्ट गरेका तीनै जना प्रहरी हिरासतमा छन् । किर्ते कागज बनाउने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले थप तीन जनालाई पनि पक्राउ गरेको छ । किर्ते कागज बनाएर जापान व्यसक्त पठाउने कार्यमा संलग्न रहेको आरोपमा जुगल रिजाल, वीरबहादुर सुनुवार र महेश पाण्डे पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार डिपोर्ट भएका दुई जनाबाट मन्त्रालयको नक्कली कार्ड बरामद भएको छ । उक्त कार्डमा निमित्त कार्यालय प्रमुख भनेर लेखिएको छ र कार्डमा लिलाबल्लभ अधिकारीले नै मन्त्रीको रुपमा हस्ताक्षर गरेका छन् ।

यति प्रष्ट प्रमाण र आधार हुँदा हुँदै पनि अधिकारीमाथि अनुसन्धान नगरिएको भनेर प्रश्न उठेको हो ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले विज्ञप्ति नै निकालेर सरकारमाथि खबरदारी गरेको छ ।

माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलकी प्रमुख सचतेक गीता तिम्सिनाले विज्ञप्ति निकालेर प्रदेश सरकारका मन्त्री मानव तस्करीमा मुछिँदा प्रदेशवासीकै शीर निहुरिएको बताएकी छन् ।

राजीनामा दिए पनि अधिकारीमाथि थप अनुसन्धान गर्नुपर्ने माओवादीको माग छ । सरकारको स्वीकृतिबिना विदेश जानु नै पनि प्रश्न योग्य रहेको विज्ञप्तिमा उल्लेख छ । प्रदेश सरकारको आचारसंहिता र भ्रमण निर्देशिका विपरीत मन्त्री भ्रमणमा गएको र मानव तस्करीमा जोडिएको विषय अनुसन्धान बाहिर रहन नसक्ने दाबी गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सचेतक निशा डाँगीले अधिकारीलाई राजिनामा दिलाएर उन्मुक्ति दिन खोजिएको आशंका गरेकी छन् ।

'के राजिनामा दिँदा मात्र मुद्दा समाधान हुन्छ ?' उनले सामाजिक संजालमा लेखेकी छन्, 'जापानको अध्यागमनले स्वीकार नगरेको र भ्रमणको औचित्य प्रमाणित गर्न नसकेको घटनापछि सरकारमा रहेको पार्टीले कुनै कारबाही नगरी चुप लागेर बस्नुमा प्रश्न उठेको छ ।'

मन्त्रीको भ्रमणको औचित्य पुष्टि नगरी फिर्ता पठाइन्छ भने त्यसमा अनुसन्धान हुनुपर्ने उनको माग छ ।

'यस्तो घटनामा सरकारमा रहेको पार्टीको निस्तब्धता र अनुत्तरदायित्वले न्याय र पारदर्शिताप्रति आम जनताको विश्वासलाई गम्भीर धक्का पुर्याएको छ' उनले लेखेकी छन्, 'सत्तामा रहेको पार्टीले यसरी चुप बस्न मिल्छ ? कारबाहीको दायरामा ल्याउन पर्दैन् ? सबैलाई समान व्यवहार गरियोस् सरकार ।'

## सिंहदरबारको...

कसले कति लिने भन्ने कानूनी स्पष्टता छैन। यसका लागि संघीय सरकार गम्भीर हुनुपर्नेमा जोड दिइएको छ ।

नेपालको संविधानको अनुसूची ५ देखि अनुसूची-९ सम्म संघ प्रदेश र स्थानीय तहका एकल अधिकार सूची र साझा अधिकार सूचीको व्यवस्था गरिएको छ । सोही अधिकार विन्यासको सूचीमा आधारित भएर तीनै तहले आ-आफ्नो अधिकार क्षेत्रका कानून निर्माण गर्न सक्दछन् ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत २२ वटा विषयहरू सूचीकृत छन् । जहाँ नगर प्रहरी, सहकारी संस्था, एफ एम सञ्चालन, स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क विज्ञापन कर, जरिवाला, मनोरञ्जन कर व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मालपोत संकलनको अधिकार स्थानीय तहको एकल अधिकारका विषय समावेश छन् ।

आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ पनि स्थानीय सरकारको एकल अधिकार सूचीको विषय हो ।

घर जग्गा धनी पुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्याक संकलन स्थानीय तहले गर्नुपर्छ ।

कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, जलाधार वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण भाषा, संस्कृति र ललितकलाको संरक्षण पनि स्थानीय सरकारको एकल अधिकार क्षेत्र अन्तर्गतका विषय हुन् ।

यी विषयमा स्थानीय तहले कानून बनाउन सक्छन् । तर, संघीय ऐन बनेर मार्गदर्शन गर्नुपर्नेमा त्यसो नभएकाले स्थानीय सरकारले संविधानतः प्राप्त अधिकार उपयोग गर्न नपाएका हुन् ।

## विदेश...

भएको बताइएको छ । उच्च शिक्षाका लागि भन्दै बाहिरिएको जनशक्तिको ठूलो हिस्सा पनि प्रकारान्तरले वैदेशिक रोजगारीमा जोडिने गरेको छ ।

नेपालबाट वैदेशिक रोजगारमा जाने कामदारहरुमध्ये करिब ६० प्रतिशत पूर्णरुपमा अदक्ष देखिन्छन् । एक अध्ययनअनुसार वैदेशिक रोजगारीमा जानेमध्ये सेक्युरिटी गार्ड, घरेलु कामदार, कृषि मजदुरदेखि सामान्य प्रकृतिको दक्षता आवश्यक पर्ने पेन्टर, वेटर, ड्राइभर, सेल्स मेन, निर्माण मजदुर, कुक, सिकर्मी, डकर्मी, हजाम, इलेक्ट्रिसियन, कृषि मजदुर, प्लम्बिङ, स्काफोल्डर, बाइक राइडर, मालीजस्ता काममा जानेको बाहुल्यता रहेको छ ।

तर पछिल्ला वर्षहरूमा उच्चदरको आकर्षक तलब सुविधा पाउने पदमा जाने दक्ष कामदार पनि वैदेशिक रोजगारमा आकर्षित भएको देखिएको छ। नेपालबाट सामान्य सीपमा जाने, तर पछि सीप सिकेर उच्च पदमा पुगेर आकर्षक कमाइ गर्नेहरूको संख्या पनि बढ्दो दरमा छ ।

## साउदीमा...

रोजगरदाता परिवर्तन गर्न पाउनेछन् । नेपालले श्रम स्वीकृति दिएर घरेलु कामदारको रूपमा साउदी अरेबिया जान प्रतिबन्ध लगाए पनि सेटिङको आधारमा अवैधानिकरूपमा ठूलो संख्यामा पुगेका छन्। साउदीको पछिल्लो निर्णयले उनीहरूले लाभ पाउने बताइएको छ । घरेलु कामदारभित्र महिला कामदारसहित निजी ड्राइभर र मालीलगायतका काम गर्ने कामदार पर्ने गरेका छन् ।

नेपालले घरेलु श्रमिकमाथि शोषण हुने, तर सुनुवाइ हुने औपचारिक प्रणाली नभएको भन्दै संसदीय समितिको निर्देशनमा ९ वर्षदेखि श्रम स्वीकृति रोकेको छ । औपचारिक क्षेत्रमा कामदार पठाउने अन्य दक्षिण एशियाली मुलुकहरूले पनि असुरक्षाको कारण देखाउँदै घरेलु कामदार नपठाउँदा हाल साउदी अरेबियामा घरेलु कामदारको अभाव बढेको छ । सोही माग पूरा गर्न उक्त मुलुकले कानूनमा सुधार गरेर घरेलु कामदारलाई सुरक्षाको ग्यारेन्टी गरेको सन्देश प्रवाह गर्न खोजिरहेको आंकलन गरिएको छ ।


**CYPRUS मा रोजगार**

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. शहर: Cyprus, Larnaca
पूर्व स्वीकृत मिति: २०८०/०५/०३ चलानी नं.: ६०२०६४३० L.T. No.: 291236 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 0 | 2 | सम्बन्धित काममा दक्ष | 465 | ६७,०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८८,२५७ | | | | | | | |
| 3. | Domestic Worker | 0 | 4 | | 315 | ४५,४२६ | | | | | | | |
| 4. | Waiters/waitresses | 0 | 3 | | 787 | ११३,४९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७

Al Secure Manpower Recruitment P. Ltd.
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

मध्यान्ह
www.madhyanhadaily.com



# सडक बालबालिकामुक्त बनाउने अभियान तीव्र

काठमाडौं/मस-सरकारले सडक बालबालिकामुक्त बनाउने अभियानलाई तीव्रता दिएको छ।

गत असार ३१ गतेको मन्त्रिपरिषद्को बैठकले विसं २०८२ असार मसान्तभित्र नेपाललाई सडक बालबालिकामुक्त बनाउने निर्णय गरेको थियो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण तथा व्यवस्थापनलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले राष्ट्रिय बालअधिकार परिषद्मार्फत सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण तथा व्यवस्थापनको कार्य अगाडि बढाइएको जानकारी दिए। मन्त्रालयका अनुसार खोजतलास गरी फेला परेका बालबालिकामध्ये एक हजार पाँच सय ५९ (बालक चार सय ४२ र बालिका एक



हजार एक सय १७) जनालाई परिवारमा पुनर्मिलन गराइएको छ।

'बालबालिकासम्बन्धी ऐन, २०७५' संशोधनका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ। पछिल्लो समयमा मन्त्रालयले हिंसामा परेका तथा जोखिममा परेका ३२ बालबालिकाको उद्धार तथा अस्थायी संरक्षण प्रबन्ध, भारतमा उद्धार गरी त्यहाँको बालकल्याण गृहमा रहेका २० बालबालिका कीन इण्डियालगायत संस्थाको सहयोगमा स्वदेश फिर्ता, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, १० जना बालबालिकाको नागरिकता प्राप्तिमा सहजीकरण र समन्वय तथा चार जना बालबालिकाको जन्म दर्ता बनाउन सहजीकरणसहित ६६ जना बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनसमेत गरेको छ।

गत आर्थिक वर्ष २०८०-८१ को असार मसान्तसम्म उद्धार गरी विभिन्न सडक बालबालिका स्थायी संरक्षण केन्द्रमा रहेका तीन सय ३५ र चालु आर्थिक वर्ष २०८१/८२ मा उद्धार गरिएका ५३ सडक बालबालिका (बालक ४१ र बालिका १२) सहित चारसय आठजना सडक बालबालिकाको उद्धार, राहत, पालनपोषण, संरक्षण तथा व्यवस्थापन गरिएको मन्त्रालयले जनाएको छ।

बेवारिसे बालबालिका एक सय ४० जना उद्धार गरिएकोमा ९१ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ। बालबालिकामा भएको लगानीको लेखाजोखा गर्नका लागि बजेट कोड तयारी भइरहेको मन्त्री सुडीले जानकारी दिए।

## खिल्जी दुर्घटना
# चालक र सवारी धनी नियन्त्रणमा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २२ कात्तिक



अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा लापरबाही गरी २ जनाको मृत्यु र ३५ जना घाइते हुनेगरी भएको दुर्घटनामा फरार रहेका बस चालक र सवारी धनीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीबाट खटिएको प्रहरी टोलीले प्यूठानको मल्लरानी गाउँपालिका वडा नम्बर ३ बस्ने वर्ष ४१ का गाडी मालिक बिष्णु प्रसाद पौडेललाई पहिलो दिन र प्यूठानको मल्लरानी गाउँपालिका वडा नम्बर ४ कसेरी निवासी गाडी चालक वर्ष ३० को केशव खड्कालाई भूमिकास्थान नगरपालिका वडा नम्बर १, राजुमेबाट अर्को दिन पक्राउ गरी घटनाका बारेमा अनुसन्धान शुरु गरेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी चक्रबहादुर मल्लले जानकारी दिए।

सोमबार साँझ वडा नम्बर ५ असुरकोट र ६ खिल्जीको सिमाना उदयठाँटी भएको बस दुर्घटनामा २ जनाको मृत्यु भएको थियो। घटनामा ३५ जना घाइते भएकोमा अहिले २ जनाको काठमाडौं र ८ जनाको बुटवलमा उपचार भइरहेको छ भने बाँकी बिरामी अर्घाखाँची अस्पतालबाट डिस्चार्ज भएका छन्। सो घटनाको अहिले प्रहरीले अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता बिष्णु प्रसाद पौडेलले बताए। भूमिकास्थान नगरपालिका वडा नम्बर ५ र ६ को सिमाना जयठाँटीमा स्थानीय भैलो कार्यक्रममा नाँचिरहेको स्थानमा प्यूठानबाट आएको ना.३.ख २४७१ नम्बरको बसको ब्रेक फेल भएपछि सयौं दर्शकले हेरिरहेको भैलोमा बस अनियन्त्रित भइ दुर्घटना भएको थियो।

भैलो खेलिरहेको स्थानमा भैलो लिएर गएको बसको ब्रेक फेल भएपछि बसले मानिसलाई ठक्कर दिँदै अगाडि बढेपछि दुर्घटना भएकोले दुर्घटना हुनु शंकास्पद देखिएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी मल्लले बताए।

बसको एक्कासी ब्रेक फेल भइ बाटोमा भैलो खेलिरहेका समूहमाथि बसले ठक्कर दिनुको मुख्य कारण बस चालकको लापरबाही भएको घाइते तथा पीडित परिवारले आरोप लगाउँदै आएका छन्। दुर्घटनामा भूमिकास्थान नगरपालिका १ ढाकाबाँगकी ७० वर्षीया रुनी खनालको घटनास्थलमै तथा भूमिकास्थान ६ खिल्जिकी १८ वर्षीया भूमिकास्थान नगरपालिकामा कार्यरत कर्मचारी १९ वर्षीया तारा श्रेष्ठको अर्घाखाँची अस्पतालमा मृत्यु भएको थियो। मृतकका परिवार जनप्रतिनिधि प्रहरी प्रशासन यातायात व्यवसायीहरुबीच पीडितलाई क्षतिपूर्ति दिने घाइतेहरुको उपचार खर्च दिने सहमति भएपछि मृतकका आफन्तले शव बुझि अन्तिम दाहसंस्कार समेत गरेका छन्। जिल्ला प्रहरी कार्यलय अर्घाखाँचीले चालक र सवारी धनीलाई शुक्रबार अदालतबाट म्याद थप गरी अनुसन्धान गर्ने र दोषीलाई हदैसम्मको कारबाही गर्ने गरी प्रकिया अगाडि बढाएको अनुसन्धान अधिकृत बिष्णु प्रसाद पौडेलले मध्यान्हलाई जानकारी दिए।

# छठ पर्व : अस्ताउँदो सूर्यलाई दिइयो अर्घ्य

**मध्यान्हका लागि रौतहटबाट सत्येन्द्र प्रताप सिंह र सिरहाबाट प्रदिप सिंह**

लोकआस्थाको महापर्वको रुपमा रहेको छठको बिहीबार तेश्रो तथा मुख्य दिन व्रतालुहरुले भक्तिभावका साथ साँझ अस्ताउँदो सूर्यलाई अघ्र्य

दिएका छन्। छठ मिथिला तथा तराईवासीहरुको सबै भन्दा ठूलो र पवित्र पर्व हो। परिवारका सम्पूर्ण सदस्यहरुको सहभागीता रहने यस पर्वमा हरेक सदस्यले शुद्धता तथा पवित्रता प्रति विशेष ध्यान दिने गर्छन्। निकै कडा धार्मिक नियमका साथ पूजाको तयारी गरिने यस चाडमा चोखो तथा शुद्धताको निकै ध्यान दिने गरिन्छ।

छठ पूजाको लागि जिल्लाहरुका अधिकांश नदी तथा पोखरी लगायतका जलाशयहरुको किनारलाई सफा सुग्घर पारी श्रृंगारिएको छ। झिलिमिली बत्तिले श्रृंगारिएका छठ घाटहरु यति खेर व्रतालु तथा दर्शनार्थीहरुको लागि तयार छन्। यीनै छठ घाटहरुमा बिहीबार व्रतालुहरुले अस्ताउँदो सूर्यलाई पहिलो अघ्र्य दिने छन्।

संसारलाई जीवन दिने भगवान भाष्कर (सूर्य देव) लाई विधि पूर्वक यस पर्वमा पूजा गर्ने गरिन्छ। चार दिनसम्म मनाइने यो पर्वको बिहीबार तेश्रो दिन सूर्य भक्तिमा लिन भएर पूजाआजा गर्दै



साँझ अस्ताउँदो सूर्यलाई पहिलो अघ्र्य दिइएको छ भने शुक्रबार आज बिहान उदयमान सूर्यलाई दोश्रो अर्घ दिएपछि विधिपूर्वक यो पर्व सकिनेछ।

**३६ घण्टा लामो निर्जल व्रत**

बुधबार बेलुका छठ व्रतालुहरुले खरना पूजा सम्पन्न गरेका छन्। पूजापछि माटोको चुल्होमा पकाएर तयार पारिएको खिर, रोटी, केरा तथा नुन बिनाको प्रसाद खाएका व्रतालुहरुको ३६ घण्टा लामो निर्जल र निराहार व्रत शुरु भइसकेको छ। बुधबार बेलुका पूजा पश्चात खाएको प्रसादको भरमा रहेर व्रत बसेका व्रतालुहरुले अब शुक्रबार बिहान सूर्यलाई अघ्र्य दिएपछि मात्र अन्न जल ग्रहण गर्नेछन्।

लगातार ३६ घण्टासम्म निर्जल र निराहार भएर गरिने यो व्रत तराईवासीले निकै आस्था र श्रद्धा पूर्वक मनाउने गर्दछन्। नदी, पोखरी तथा जलाशयको किनारमा पूजा गर्दै शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर घर फर्केपछि मात्र व्रत समाप्त हुनेछ। तराईमा सबै भन्दा बढी श्रद्धा भक्तिका साथ मनाइने भएकोले यो पर्वलाई महापर्व पनि भनिन्छ। छठ व्रत गर्दा शरीरका रोगहरु नाश हुनुका साथै सन्तान प्राप्ति हुने र परिवारमा सुख शान्ति छाउने विश्वास रही आएको हो।

रौतहट जिल्लाको सदरमुकाम गौर लगायत सरुअठा, गंगा पिप्रा, शिवनगर, गरुडा, कटहरीया तथा चन्द्रनिगाहपुरका लाखौं व्रतालुहरुले भक्तिभावका साथ अस्ताउँदो सूर्यलाई अघ्र्य दिइएको छ।

**समानताको प्रतीक छठ**

लोकआस्थाको यो पर्वलाई समानताको प्रतीकको रुपमा पनि लिने गरिएको छ। नदी तथा पोखरी किनारमा सामुहिक रुपमा छठ गरिरहँदा धनि र गरिब बीचको भेदभाव अनि सानो र ठूलो भन्ने भावनाको पनि अन्त्य भएको देखिन्छ। खासगरी उपेक्षित मानिने डुम समुदायले बनाएको बाँसको चोयाको सुपली, नाङ्लो र डालाको प्रयोग गरिने यस पर्वले छुवाछुतको खाडललाई पनि पुर्ने काम गरेको छ भने समाजमा सबै मानिसको अस्तित्व हुन्छ भन्ने समेत स्वीकार गराएको छ। डुम समुदायलाई यति खेर आफूले बनाएको बाँसका सामग्री बेच्न भ्याइ नभ्याईको अवस्था छ।

छठ पर्व एक यस्तो पर्व पनि हो जसमा पुरोहित वा पुजारीको प्रयोग नै हुँदैन। अन्य पर्वहरुमा पुजारी र पण्डितले विधिपूर्वक पूजा गराएपनि छठमा उनीहरुको प्रयोग हुँदैन। सामुहिक रुपमा बसेका व्रतालुहरुले पूर्ण विधि विधानले स्वमम् आफैं नै भक्तिभावका साथ चार दिनको पूजा सम्पन्न गर्छन्।

अन्य चाडपर्वहरुमा देवीदेवताको मूर्ति वा प्रतिमालाई पूजा गर्ने चलन रहेपनि छठ पर्वमा भने अस्ताउँदो र उदयमान सूर्यलाई प्रत्यक्ष हेरेर नै व्रतालुहरुले अघ्र्य दिने गर्छन्। पृथ्वीलाई जीवन दिने सूर्यलाई नै भगवानका रुपमा पूजा गर्ने यो पर्वमा उदाउँदो मात्रै होइन अस्ताउँदो सूर्यको समेत पूजा गर्ने गरिन्छ।

# दोस्रो मर्स्याङ्दी महोत्सव हुँदै




**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २२ कात्तिक

स्थानीय कला, संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धन गर्न दोस्रो लमजुङमा मर्स्याङ्दी महोत्सव आयोजना गरिने भएको छ। मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा कात्तिक २७ गतेदेखि आगामी मंसिर १ गतेसम्म विविध कार्यक्रमका साथ महोत्सव सञ्चालन गर्न लागिएको हो।

आयोजक मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले पाँच वर्षपछि दोस्रो यस महोत्सव आयोजन गर्न लागिएको र गाउँपालिकाको विभिन्न स्थानमा विविध कार्यक्रम गरी महोत्वस सम्पन्न गर्ने बताए।

गाउँपालका अध्यक्ष गुरुङले भने, 'महोत्सवमा महोत्सवमा स्थानीय उत्पादनको प्रदर्शनी तथा विक्री वितरण समेत गरिने भएकाले स्थानीयले महोत्सवबाट लाभ लिन सक्ने र साथै पर्यटन प्रवर्द्धन गरी ग्रामीण नागरिकको जनवीवन उकास्ने हाम्रो प्रयास हो।'

उनका अनुसार महोत्सवको पहिलो र दोस्रो दिन गाउँपालिकाको वडा नं. ३ र ९ मा संगमस्थल खुदी बेनीमा धार्मिक मेला (हरिबोधनी एकादशी मेला) आयोजना गर्ने भएको छ।

त्यस्तै सो दुई दिन फुलको डोरी तार्ने, साँस्कृतिक कार्यक्रम, वडास्तरीय भलिबल प्रतियोगिता, दन्त शिविर, वडा नं. ३ खुदीस्थित राष्ट्रिय विभूति भक्ति थापाको जन्मस्थल पार्क र वडा नं. ७ स्थित ताङलीचोकस्थित डा. हर्क गुरुङ समाधिस्थल पार्क अवलोकन, ठेलो प्रतियोगिता कार्यक्रम रहेको गाउँपालिका अध्यक्ष गुरुङको भनाई छ। कात्तिक २९ गते वडा नं. ४ जगतमा तातोपानी महोत्सव आयोजना हुने भएको छ।

सो दिन जगत तातोपानी कुण्डमा स्नान, स्थानीय कृला संस्कृति प्रर्दशनी, स्थानीय उत्पादनहरुको विक्री वितरण तथा प्रदर्शनी हुने भएको छ। कात्तिक ३० गते वडा नं. २ घनपोखरा, वडा नं. ४ मिप्रा, वडा नं. ५ घेर्मु र वडा नं. ६ बाहुनडाँडा क्षेत्रका भीरहरुमा मह सिकार महोत्सव हुने गाउँपालिकाले जनाएको छ।

महोत्सवको अन्तिम तथा मंसिर १ गते बुङ झरना, स्याँगे झरना र अक्टोपस झरना महोत्सव हुनेछ। महोत्सव अवधिभर होमस्टे प्याकेज विक्री तथा प्रचारप्रसार गरिने गाउँपालिका अध्यक्ष गुरुङको भनाई छ।

# स्वास्थ्यखबरकर्मी खड्कालाई 'ग्लोबल एएमआर मिडिया' अवार्ड

काठमाडौं/मस-एन्टिमाइक्रोबियल रेसिस्टेन्ट (एमएमआर)लाई लिएर गरिएको रिपोर्टिङका आधारमा स्वास्थ्यखबरका धनबहादुर खड्का 'ग्लोबल एएमआर मिडिया अवार्ड २०२४' बाट पुरस्कृत भएका छन्। 'अलार्मिङ एमएमआरः २१ एन्टिबायोटिक रेसिस्टेन्ट वन पेसेन्ट' शिर्षकमा नेपाल लाइभ टुडे र त्यसअघि स्वास्थ्य खबरमा प्रकाशित 'प्रभावहीन बन्दै एन्टिबायोटिक' बाट उक्त अवार्ड प्राप्त गरेका हुन्।

विश्वका ३० देशका मिडियाकर्मी र संस्थाहरुको संगठन 'ग्लोबल एएमआर मिडिया अलाइन्स'ले पुरस्कार प्रदान गर्ने गरेको छ। विश्व स्वास्थ्य संगठन ६ वटा क्षेत्र छुट्याएर पुरस्कारका लागि प्रकाशित समाचार माग




गरिएको थियो। हरेक क्षेत्रबाट प्रतिष्पर्धामा आएकामध्ये तीन उत्कृष्ट समाचारलाई छनोट गरिएको हो।

छनोटका लागि एएमआरमा काम गरिरहेका विज्ञ, सरोकारवाला र हेल्थ तथा साइन्समा रिपोर्टिङ गरिरहेका वरिष्ठ पत्रकार सम्मिलित २२ जनाको जुरी कमिटी बनाइएको थियो। विश्वका ४३ देशबाट ४१३ वटा आवेदनबाट पुरस्कृतहरु छानिएका हुन्।

बिहीबार भएको चौथो वार्षिक ग्लोबल मिडिया फोरममा उक्त अवार्ड घोषणा गरिएको हो। दक्षिण-पूर्वी एशियाबाट खड्कासहित तीनजना पुरस्कृत भएका छन्। पुरस्कृत हुनेमा बंगलादेशको ढाका ट्रिब्युनका पत्रकार नुरुल इस्लाम हसिब र भारतबाट प्रकाशित हुने इन्डियन एक्सप्रेसमा अनुराधा मास्क्रेनहस रहेका छन्।

खड्का यही वर्ष सूर्तिजन्य पदार्थबिरुद्धको समाचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रदान गर्दै आएको 'ब्लुमवर्ग स्वास्थ्यमन्त्री पत्रकारिता पुरस्कार'बाट पुरस्कृत भइसकेका छन्।

एएमआरमा उनले एक दशकदेखि लेखिरहेका छन्। 'एएमआरलाई विश्व स्वास्थ्य संगठनले विश्वकम मुख्य १० स्वास्थ्य चुनौतीमा राखेको छ,' खड्काले भने, 'त्यसैले यस विषयमा चासो बढेको हो। त्यही विषयमा लेखिएको समाचारले अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरेकोमा हौसला बढेको छ।' दुई दशकदेखि नयाँ एन्टिबायोटिकको खोज नहुनु र पुरानो एन्टिबायोटिक प्रभावहिन बन्दै गएका कारण मृत्युको संख्या बढिरहेको छ। एन्टिबायोटिकको सही उपयोगबाट मात्रै प्रभावकारिता कायम राख्न सकिने भएकाले सचेतना महत्वपूर्ण कार्य हो। एएमआरमा विश्व स्वास्थ्य संगठनलगायतले प्राथमिकतामा राखेर काम गरिरहेका छन्।

# करेन्ट लागेर एकको मृत्यु, दुई घाइते

**बागमती/मस-** मकवानपुरको भीमफेदी गाउँपालिका-८ दोभानस्थित नेपाली सेनाको सडक निर्माण कार्यदल सिस्नेरी वेस क्याम्पमा कार्यरत एक जनाको करेन्ट लागेर मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

क्याम्पभित्र कार्यरत रहेका बेला सञ्चार उपकरणको पाइप गाड्ने क्रममा हाइटेन्सन बिजुलीको तारमा पाइपले छुँदा करेन्ट लागेर डडेल्धुराको गन्याधुरा गाउँपालिका-१ निवासी २९ वर्षीय पदमबहादुर दियालको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी



कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए। मृतक दियाल लेसनायक पदमा कार्यरत थिए।

करेन्ट लागेर डँडेलधुराको अमरगढी नगरपालिका-२ निवासी २९ वर्षीय लेसनायक विनोद केसी र पाल्पा रामपुर नगरपालिका-६ निवासी २१ वर्षीय सिपाही युवराज कुमाल घाइते भएका प्रहरी नायब उपरीक्षक अर्यालले बताए। घाइते दुवै जनालाई उपचारका लागि हेलिकप्टरमार्फत आर्मी अस्पताल छाउनी काठमाडौं पठाइएको र मृतकको शव परीक्षणका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौं पठाइएको उनले बताए।

## प्रेस विज्ञप्ति

नेपालबाट दैनिक १५०० श्रमिक वैदेशिक रोजगारीमा मलेसिया र मध्यपूर्वका यूएई, कतार, साउदी अरेबिया, कुवेतलगायतका देशहरुमा जान अस्वभाविक चर्को मूल्यमा हवाई भाडा तिर्न बाध्य पारिएकोप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ। अन्तर्राष्ट्रिय उडान भरिरहेका एयरलाइन्स कम्पनीहरुले अस्वभाविकरुपमा एकतर्फी (नेपालदेखि गन्तव्य मुलुकसम्म) चर्को हवाई भाडा वृद्धि गरेका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकहरु अत्यन्तै मर्कामा परेका छन्। नेपाल र छिमेकी देश भारतलगायतका देशबाट सोही गन्तव्यसम्म जाँदाभन्दा काठमाडौंबाट जाँदा ३ गुणा बढीसम्म हवाई भाडा तिर्नुपरेको छ। भारतको दिल्ली, ढाकालगायतबाट DUBAI, DOHA, RIYAD, KULALAMPUR जाँदा र काठमाडौंबाट ती स्थानमा जाँदा नियमित ३०/३५ हजारको टिकट अहिले ७०/८० हजारसम्म पर्ने गरेको छ। नियामक निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणले प्रभावकारी अनुगमन नगर्दा सीमित ट्राभल एजेन्सी र एयरलाइन्सहरुको मनोमानीले यात्रुहरु अत्यन्तै चर्को भाडा तिर्न बाध्य भएका छन्। टिकटको कृत्रिम अभाव खडा गरी कार्टेलिङ गरेकै कारण न्यून आय भएका श्रमिकहरुले नियमित भन्दा ३ गुणा हवाई भाडा तिर्न बाध्य भएको हाम्रो संघको ठम्याइ छ। यसरी नै कार्टेलिङ गरी चर्को भाडा असुली गरिरहने हो भने बाध्य भइ सम्पूर्ण व्यवसायीहरुले नियमित भाडा दर कायम नहुँदासम्मलाई कामदार पठाउन र टिकट किन्न रोकेर कामदार पठाउन स्थगित गर्ने जानकारी गराउँदछौं। साथै कार्टेलिङ गरी चर्को मूल्यमा हवाई टिकट किन्न बाध्य पारिएकोबारे छानबिन गरी कार्टेलिङ गर्नेविरुद्ध कारबाही गरेर नियमित मूल्यमा जान पाउने व्यवस्था गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सम्बन्धित निकायलाई यसै विज्ञप्तिमार्फत जोडदार माग गर्दछौं।

**राजेन्द्र भण्डारी**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

## कर्मचारी आवश्यकता

यस Future Employment Services Pvt. Ltd. लाई gulf मा काम गर्ने निम्न लिखित कर्मचारीहरु आवश्यक परेको हुँदा यथासिघ्र सम्पर्क राख्नुहुन अनुरोध।

Public Relation Officer - 2

योग्यताः +2 Pass, साथै सम्बन्धित क्षेत्रमा २ वर्ष भन्दा बढीको अनुभव
काम गर्ने स्थानः- गैरीधारा नक्साल

सम्पर्क : ९८५१०१०६७०
९८४९३८५१५७

तलब आपसि सहमतिमा

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

Salary Negotiable

**PRO : 5 (MALE/FEMALE)**

Requirements:
1. +2 passed in Qualification.
2. Good Command in English.
3. Minimum 1 Yrs Experience in Manpower Fields.
4. Freshers can also apply.

Working Hours : 10am to 5pm
SEND YOUR CV: documantation.guideline2022@gmail.com
9823485185

Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497
Web: www.guidelinerecruitment.com
Govt.Lic.No 1061/073/74

## सम्पादकीय

# अर्थपूर्ण वक्तव्य

प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलो विदेश भ्रमण चीनबाट सुरू गर्ने भएका छन् । गत ३१ असारमा प्रधानमन्त्री नियुक्त नेकपा एमालेका अध्यक्ष ओलीले यसअघि अमेरिका भ्रमण गरिसकेका छन् । तर त्यो भ्रमण कुनै देश विशेषको नभएर संयुक्त राष्ट्रसंघको महासभामा भाग लिने प्रयोजनका निम्ति भएको थियो । त्यसैले चिनियाँ समकक्षीको निमन्त्रणमा हुने विदेश भ्रमण पहिलो हुनेछ । सत्ता साझेदार नेपाल कांग्रेस र नेकपा एमालेका नेताहरू सम्मिलित समन्वय संयन्त्र मार्फत् प्रधानमन्त्रीको चीन भ्रमण हुने निश्चित गरिएको हो । २१ कात्तिकमा संयन्त्रले बक्तव्य जारी गर्दै प्रधानमन्त्री ओलीले डिसेम्बरमा गर्ने चीन भ्रमणको तयारी परराष्ट्रमन्त्री डा.आरजु राणाले गर्ने सार्वजनिक जानकारी दिइएको छ । बक्तव्य बमोजिम परराष्ट्रमन्त्री राणाले प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको निर्देशनमा चीन भ्रमणको तयारी गर्नेछन् ।

सामान्यत: चीन भ्रमणबारे यति चाँडै सार्वजनिक जानकारी दिइने प्रचलन छैन । शान्त कुटनीतिमा विश्वास गर्ने चीनले सार्वजनिक चर्चा नगरी आन्तरिक तयारी गर्ने कुटनीतिमा विश्वास गर्छ । तर यसपटक एक महिना पछि हुने विदेश भ्रमणको जानकारी सार्वजनिक बक्तव्य मार्फत् दिइयो । त्यसैले प्रधानमन्त्री ओलीको चीन भ्रमणलाई अर्थपूर्ण रूपमा हेर्न सकिन्छ । हुनत प्रधानमन्त्रीले गर्ने छिमेकी देशहरूको भ्रमण आफैमा अर्थपूर्ण हुन्छ । तर सामान्य प्रचलन बाहिर गएर यसपटक प्रधानमन्त्रीले विदेश भ्रमण गर्दैछन्, त्यो पनि सार्वजनिक हल्ला गरेर । घटनाक्रमले पनि प्रधानमन्त्री ओलीले चीनबाट विदेश भ्रमण थाल्नुलाई विशेष नै रहेको देखाउँछ । किनकि यसअघि नेपालका प्रधानमन्त्रीहरूले दक्षिणी छिमेक भारतबाट भ्रमण थाल्ने गरेका छन् ।

तर प्रधानमन्त्री ओलीलाई भारतले निमन्त्रणा नै दिएन । भारत भ्रमणका निम्ति परराष्ट्रमन्त्री राणाले नयाँ दिल्ली भ्रमण गरेकी थिइन् । दिल्ली पुग्दा मन्त्री राणालाई उच्च तहकै सम्मान दिइयो । प्रधानमन्त्रीको भ्रमणबारे निर्णय हुन सकेन । राष्ट्रसंघको महासभामा पनि 'साइड लाइन' भेटवार्ता अन्तिम समयमा तय भएको थियो । यद्यपि समकक्षी नरेन्द्र मोदीसँगको त्यो भेट उपलब्धिमुलक हुन सकेको देखिएन । जवाफमा प्रधानमन्त्री ओलीले चीनबाट भ्रमण थाल्ने निर्णय लिए । यसले भारतीय संस्थापनसँग वर्तमान सरकारको सम्बन्ध राम्रो हुने अवस्था देखिएन । पक्कैपनि भारतीय संस्थापनले यो सरकार र सत्ता साझेदारीबारे असहमति राखेर भ्रमणको निमन्त्रणा नदिइएको भए प्रधानमन्त्री ओलीको अडान सही छ । कुनैपनि सार्वभौम मुलुकले आफ्नो सरकार आफै बनाउनुपर्छ । तर सरकारले पनि कुनै छिमेकीसँग सम्बन्ध बिगार्नेगरी कदम चाल्नु हुन्न । एकपटक सोच्न आवश्यक छ ।

# मार्क्सवादको जन्म र रूपान्तरणको अभियान

*मानवको मुक्ति केवल सामन्ती अवशेषहरूलाई उखालेर फाल्ने राजनीतिक क्रान्तिबाट हुन सक्दैन, जस्तो कि उदारपन्थीहरू भन्दछन् । त्यसका लागि सामाजिक क्रान्तिको आवश्यकता छ, जो एक कम्युनिष्ट समाजको स्थापना गर्न सकोस् !*

अग्रलेख



● विकेश श्रेष्ठ

युरोपमा एक प्रेत छाएको थियो, साम्यवाद कम्युनिजमको प्रेत ! इतिहासका सबैभन्दा प्रभावी पर्चा बनेको थियो त्यो । यसलाई निर्वासित दुई जना जर्मनहरूले सन् १८४७ मा अगाडि ल्याएका थिए । त्यस पर्चामा तत्काल क्रान्तिको विस्फोटको कुरा उल्लेख थियो । हुन पनि त्यसले यति प्रभाव पाऱ्यो कि युरोपमा विस्फोट सुरु भइहाल्यो । र, त्यसको प्रभाव अझैसम्म पनि जारी छ । करिब ४० पृष्ठको त्यो पर्चाले समाजलाई अनौठो ढङ्गले रूपान्तरण गर्ने ल्याकत राखेको छ । त्यसले वर्षौंदेखि जकडिरहेको रहेको व्यवस्थालाई जरैदेखि धोल्याएको थियो ।


यसका लेखक फ्रेडरिक एंगेल्स र कार्ल मार्क्स थिए । प्लेटो या अरस्तु या कन्फ्युसियस या बुद्धको या तारससका साउल या पैगम्बर मोहम्मदको प्रतिभाभन्दा दुईको भिन्न थिएन । सायद विश्वभर छिट्टै प्रभाव पार्नुको पछाडि पनि यही कारण थियो । सँगै अन्यको केही विज्ञानसम्मत थिएन भने मार्क्स र एंगेल्सले विज्ञानसम्मत नै विषय अगाडि ल्याएका थिए ।

मार्क्स र एंगेल्स यस्तो समय र स्थानमा उपस्थित थिए, जहाँ सारा अन्तर्विरोध सघन भएको थियो र उनीहरूलाई केही यस्तो उपलब्ध थियो, जो अरूलाई थिएन । उनीहरू बौद्धिक परम्परा र वैज्ञानिक प्रगतिलाई यति बुझ्दथे कि अन्तर्विरोधलाई न केवल महसुस गर्न सक्दथे, त्यसको व्याख्या पनि गर्न सक्दथे ।

यी दुवै राइनलैण्ड क्षेत्रका मध्यम वर्गीय परिवारबाट आएका थिए । मार्क्सका पिता सरकारी अधिकारी थिए । एंगेल्सका पिताको राइनलैण्ड र मेनचेस्टरमा फैक्ट्री थियो । त्यहाँ जर्मनीका अन्य क्षेत्रका तुलनामा पुँजीवाद अधिक विकसित थियो । केही वर्षसम्म फ्रान्सका प्रभुत्वले सामन्ती अवशेषहरूलाई समाप्त गरेको थियो । तर, प्रशाका शासक त्यतिन्जेलसम्म पनि सामन्ती थिए । त्यसबाट मुक्तिका लागि पुराना मध्यम वर्गमा पनि सुधारको आकांक्षा थियो । नयाँ पिँढी यसै कारण क्रान्तिकारी थिए ।

१९औं सदीको पहिलो दशकमा सारा युरोप यसरी जर्मनी पनि बौद्धिक प्रतिकृयावादको चपेटामा थियो । मार्क्स र एंगेल्स त्यही पिँढीमा सम्मिलित थिए, जुन अतीत र वर्तमानमा फसेको समाज कुनै समाधान चाहन्थ्यो । उनीहरूले हेगेलको अध्ययन गरे, फारबाखको तर्क लिए, हालबाख र हलबेटियसका विचारहरूमा डुबे र स्ट्राउटद्वारा धर्मको आलोचनाको अनुसरण गरे । उनीहरूले औद्योगिक पुँजीवादविरुद्ध पनि दुई-दुई हात गरे जो-जो आफ्नो जड् जमाइरहेको थियो ! एंगेल्सलाई उनका पिताले आफ्नो मेनचेस्टर स्थित फैक्ट्रीलाई रेखदेख गर्न ब्रिटेन पठाए । त्यहाँ उनले जर्मनीका उदार विचारहरूमा चित्रित सुनौला भविष्यका सपना र ब्रिटेनको औद्योगिक क्रान्तिबाट जन्मेको स्थितिको यथार्थताको बिच अन्तर्विरोध देखे र त्यसलाई 'द कन्डिशन आफ द वर्किङ क्लास एण्ड इंलैण्ड' मा बाँध हाले ! उनका कुराकानी ति मजदुरसँग भयो जो यो यथार्थसँग जुधिरहेको थियो । सन् १८४२ को हड्ताल पश्चात उनी इङ्लैण्ड पुगेका थिए । उनी चार्टिस्ट आन्दोलनमा सहभागी भएका थिए ।

उता कार्ल मार्क्स युनानका दर्शनमाथि गहिरो अध्ययनपछि २४ वर्षको उमेरमा भर्खरै सुरु गरिएको एक उदार अखबार 'राइनिङ साइटुङ'को सम्पादक नियुक्त भए । यद्यपि, अखबार पत्रमाथि छिट्टै प्रतिबन्ध लाग्यो । सञ्चालन भएको छ महिनामै नै अखबारमाथि प्रतिबन्ध लगाइएको थियो । त्यस समयका बारेमा मार्क्सले लेखेका छन्- भौतिक प्रश्नहरूका रुबरु थियो । उनले लेखे कि कसरी सामन्त किसानद्वारा जङ्गलबाट संकलन गरिएको काठलाई 'चोरी' भन्दछन् ! र, उनले सोच्न सुरु गरे सम्पत्ति के हो ? त्यसको उत्पत्ति (उत्स) के हो ? उनी निर्वासित भएर पेरिस गए र त्यहाँ उनले हेगेलका 'राइट आफ मैन'को अध्ययन गरे ! उनले पोलिटिकल इकोनोमिमा विशेष गरेर एडम् स्मिथ र रीकार्डोको गहन अध्ययन गरे ! उनले पुँजीवादका बारेमा आफ्नो विचार लेखे जो अप्रकाशित रहे !



मार्क्सले देखे कि स्मिथ, रिकार्डो र उनका अनुयायीद्वारा जनजीवनलाई बजारमा निर्भरता देखाएको छ ! तर, बजार भने मानिसद्वारा श्रमबाट उब्जेका उत्पादनका बिच अन्तत: क्रियाको अलावा अरू के हो ? अर्को शब्दमा मानिस आफ्नै बितेका समयमा कैदी बनेका छन् ! फायरबाखले आफ्नैद्वारा देवताहरूको पूजालाई 'एलियशन' भनेका थिए ! मार्क्सले त्यसैलाई पुँजीवादी बजारसँग तुलना गरिदिए । उनले भनेका छन्, 'श्रमले जुन उत्पादनलाई पैदा गर्दछ, त्यो एक अपरिचित शक्तिको रूपमा त्यसको रुबरु खडा हुन्छ ! श्रमको उत्पादन एक चीजमा मूर्त हुन्छ - श्रमको मुर्तिकरण - पोलिटिकल इकोनोमीमा श्रमको यो चरितार्थता श्रमिकको लागि एक यथार्थको बचना जस्तो हो - त्यस चिजप्रति दासता जस्तो !'

'मजदुर जति अधिक पैदा गर्दछ, त्यत्ति नै धन उपभोग गर्दछ ! उसको जति नै मूल्य पैदा गर्दछ, मूल्यहीन हुँदै जान्छ । श्रमलाई मेसिनबाट विस्थापित गरिदिन्छ । त्यो श्रमको एक भागलाई मेसिनमा रूपान्तरित गरिदिन्छ र अर्कालाई बर्बर श्रममा फालिदिन्छ । त्यो बुद्धिमत्ता जान्दछ तर, मजदुरको लागि मूर्खता, यो सत्य हो कि श्रम धनीहरूका लागि आश्चर्यजनक चीज पैदा गर्दछ तर, श्रमिकको लागि भने गरिबी नै । उसले महल बनाउँछ तर, श्रमिकको लागि गनाउने बस्तीहरू ! त्यो सौन्दर्य धनीको लागि हो, तर श्रमिकका लागि बिरूपता । श्रमिक आफ्नो लागि आफ्नो श्रमका बाहिर महसुस गर्दछ ! त्यो सहज जब हुन्छ जब उसले काम नगरेको होस् । काममा त्यसले सहज महसुस गर्दैन !

मार्क्सको निष्कर्ष छ- अमानवीयताको मुक्तिको एक मात्र उपाय हो, सामूहिक रूपबाट कम्युनिजमको

*मार्क्स र एंगेल्स यस्तो समय र स्थानमा उपस्थित थिए, जहाँ सारा अन्तर्विरोध सघन भएको थियो र उनीहरूलाई केही यस्तो उपलब्ध थियो, जो अरूलाई थिएन । उनीहरू बौद्धिक परम्परा र वैज्ञानिक प्रगतिलाई यति बुझ्दथे कि अन्तर्विरोधलाई न केवल महसुस गर्न सक्दथे, त्यसको व्याख्या पनि गर्न सक्दथे ।*

माध्यमबाट उत्पादन प्रक्रियामा नियन्त्रण ! मानवको मुक्ति केवल सामन्ती अवशेषहरूलाई उखालेर फाल्ने राजनीतिक क्रान्तिबाट हुन सक्दैन, जस्तो कि उदारपन्थीहरू भन्दछन् । त्यसका लागि सामाजिक क्रान्तिको आवश्यकता छ, जो एक कम्युनिष्ट समाजको स्थापना गर्न सकोस् ! मार्क्स र एंगेल्स पेरिस र ब्रसेल्समा निर्वासित जर्मन समाजवादीहरूसँग भागीदार गर्दै आफ्ना विचारलाई व्यावहारिक दिनका लागि रहे ! फेरि तिनी निर्वासित कारीगरहरूको संस्था 'द लिग आफ द जस्ट्'मा सहभागी भए ! छिट्टै नै सङ्गठनको नाम 'द कम्युनिष्ट लीग' भयो ! त्यसैको घोषणा- पत्र 'द कम्युनिष्ट मैनिफेस्टो' लाई लेख्ने दायित्व यिनैलाई सुम्पे !

यसबिच यिनका विचार विकसित हुँदै रहे ! 'द होली फैमिली' र एक अप्रकाशित पाण्डुलिपि 'द जर्मन आईडोलोजी'मा उनले बाम मार्गी हेंगेलवादीहरूको आलोचना गरे । साथै, ज्ञानोदयका बिरासतका यो विचारको पनि अन्ध विश्वासका विरुद्ध तर्क बुद्धिका संघर्षबाट मात्र विश्व बदल्न सकिन्छ । उनले यसमा फायरबाखको भौतिकवादको मद्दत लिए तर, त्योभन्दा अगाडी बढे ! उनले धर्मलाई समाजको अज्ञान अभिव्यक्ति भनेका छन् । तर, उनले यस अज्ञानताको स्रोतका प्रश्न उठाएनन् ! द्वन्द्वात्मक व्याख्याले नै इतिहासको भौतिकवादी व्याख्यालाई सम्भव बनाउँछ ! उनले यसमा पोलिटिकल इकोनोमिको आफ्नो समीक्षा मिलाएर कम्युनिष्ट मैनुफेस्टोमा इतिहास र समाजको एक समग्र दृष्टि प्रस्तुत गरे ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

ट्रम्पको दोस्रो विजयपछि नयाँ अनुसन्धान जरुरी देखियो- बौद्धिक विमर्श र आम मनोविज्ञानबिचको भिन्नता के-के होलान् ? राजनीतिको कुनै मानक र नैतिक मूल्य प्रणाली पनि हुन्छ कि यो शक्ति संघर्ष मात्रै हो ? लिङ्कन, रुजबेल्ट, केनेडीजस्ता राष्ट्रपति खोज्ने देशको आजको खास मनोदशा के हो ?



- सेतेमान तामाङ

अमेरिकी राष्ट्रपतीय निर्वाचनको परिणामले कमला र हिलारी जस्तो क्षमतावान् महिला नेतृलाई समेत पटक-पटक अमेरिका जस्तो सर्वशक्तिमान् राष्ट्रमा अझै पनि महिलाको नेतृत्वलाई स्वीकार नगरेको सन्देश दिएको छ । झन् विश्वमा निर्वाचनको मध्यमबाट महिलाहरू निर्वाचित हुन धेरै चुनौती थपेको परिणाम हो ।



- नारायण अमृत

पदीय मर्यादा र प्रक्रिया भित्री गोजीमा हालेर मानव तस्करहरूसँग कुम जोड्दै मन्त्री जापान हिँडे । जापानको विमानस्थलबाट फकाइयो । यता, पत्रकार सम्मेलन गरेर उनैले नैतिकताको पाठ पढाए । सुन्यौं । यस्ता राजीनामाले जोगिने हो कि जेलमा जाकिने हो ? बुझ्ने कसले ? बुझाउने कसले ?



- गोकुल प्रसाद बाँस्कोटा

यो वर्ष विश्वव्यापी रूपमा झन् झन् बढ्दो र फैलँदो तनावबिच झन्डै ८० जति देशमा चुनाव भए । एक ध्रुवीयता विरुद्ध बहुध्रुविय विश्व व्यवस्थाको प्रयास तीव्र भएको बेला भएको अमेरिकी चुनावले विश्व शान्तिको पानी छम्केला कि दन्किदों आगोमा घ्यु थप्ला ? जो जितोस् -युद्ध रोकियोस् । तर, जटिल बन्या छ परिवेश ।

## तपाईंको राशिफल


| | |
|---|---|
| मेष : | धेरै भरोसा गर्नु हुँदैन । अज्ञात भयले त्रास दिन सक्छ । |
| वृष : | वाहन चलाउँदा सावधानी राख्नुहोला । नाता गोतामा विवादको योग छ । |
| मिथुन : | मुकद्मा सम्बन्धी समस्याको योग छ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| कर्कट : | आकस्मिक धन लाभको योग छ । विदेश यात्राको योग छ । |
| सिंह : | स्वास्थ्य खराब हुने योग छ । श्री शिव चालिसाको पाठ गर्नु राम्रो हुन्छ । |
| कन्या : | नयाँ साथी बन्ने योग छ । मनमा अनिर्णयको स्थिति रहनेछ । |
| तुला : | आहारमा ध्यान दिनुहोला । सकारात्मक सोच राख्न राम्रो हुन्छ । |
| वृश्चिक : | आनन्दित रहने योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ । |
| धनु : | घरेलु कार्य सफल हुनेछ । अनावश्यक समय नष्ट हुने देखिन्छ । |
| मकर : | अनावश्यक भरोसा गर्नु हुँदैन । स्थान परिवर्तन हुने योग छ । |
| कुम्भ : | दैनिक कार्यमा विशेष ध्यान दिनु होला । अनावश्यक जिम्मेवारी बढ्ने योग छ । |
| मीन : | मनमा संयम राखेर कार्य गर्नु होला । अनावश्यक विवादको योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# धर्म, विज्ञान र कम्युनिष्ट

विचार



● लेखराज रेग्मी

*भौतिक विज्ञानको सामान्यज्ञानको अभावमा एउटा मान्छे भौतिकवादी बन्न सक्दैन । आजका सबै विसङ्गतिको स्रोत यही हो । कम्युनिष्ट आन्दोलनभित्र बसेको आस्था, आत्मसमर्पण अन्धविश्वास जब विमुख दिशामा लाग्छ, यो प्रकारान्तरले धर्मको दिशामा लाग्छ ।*

धर्मसँग दुई कुरा जोडिएका छन्, १) आस्था र २) गुण चरित्र । तर आज धर्मसँग, यी दुवै चीज छैनन् । आस्था भनेको विश्वास हो भर पर्नु हो, पाखण्डीहरूले यसलाई चतुराइपूर्वक चेतना रहित जड वस्तुमा आस्थाको प्रत्यारोपण गरेर दुनियाँमा राज गर्न खोजे । यो बुद्धि मानव विकासको समयक्रम फरक-फरक र स्थान सुदूर हुँदा पनि एउटै विकासको चरणमा पैदा भएका देखिन्छन्, भेटिन्छन् त्यो भौतिक विज्ञानको विकास सूक्ष्म ज्ञानमा प्रवेश नगरेको र अनुसन्धान इन्द्रिय र अनुभवमा सीमित अवस्था थियो । स्थापित आध्यात्मिकहरू स्विकार्छन्, जहाँ ज्ञानको सीमा समाप्त हुन्छ, अध्यात्म त्यहीँबाट सुरु हुन्छ । आज विज्ञानले फड्को मारेको छ र ज्ञानको सीमा बिस्तार भएको छ । यसले अध्यात्मलाई सङ्कुचनमा पारेको छ ।

प्रकृति र सबै बस्तुहरू ज्ञेय छन् । तर, व्यक्तिको ज्ञानका सीमा छन् । जबसम्म समाजका हरेक व्यक्तिको ज्ञानको दायरा विकसित हुँदैन तबसम्म अध्यात्म रहन्छ । अध्यात्म आज र ऐतिहासिक हिसाबमा पनि अनुसन्धानको प्रतिस्पर्धामा होइन अज्ञानताको जगमा टिकिरहेको छ । विज्ञानले गरेका सबै चमत्कार उसलाई दैवीय लाग्न थाल्छ । त्यस कारण अनुभवहरूको वैज्ञानिक तार्किक सम्पुष्टिहरूको प्रचार प्रयोग र प्रमाणीकरणको प्रक्रियामा प्रवेश नगरी आफूलाई भौतिकवादी, अनीश्वरवादी दाबी गर्नु पनि परमेश्वर पथ नै हुन्छ अर्थात् ढोग र आडम्बर नै हुन्छ । आजका कम्युनिष्टहरूका दुर्दशाको मुख्य कारण यही हो । ज्ञानको सीमा, सामाजिक द्वन्द्वका आर्थिक आधार बारेको अस्पष्टता कार्यक्रमबारे धुमिल समझदारी वर्गीय पक्षधरताको अभाव, यी सबै कारणहरूको चल्ते पुनर्जागृत वीर पूजक नायकवाद र अन्ध आस्था अन्धविश्वास पराजित गर्न जति सम्भव हुन्छ, त्यति कम्युनिष्ट विचारधारा र आन्दोलन अगाडि बढ्छ ।

आफ्ना प्रयत्न जारी राख्दै विद्यमान सामाजिक संकटहरूको पहिचान र सकारात्मक परिवर्तनको दिशा निर्धारण गर्न उपलब्ध ज्ञान भण्डारमा पहुँच तथा आफ्नो ज्ञानको इमानदार प्रयोग र उदीयमान सामाजिक शक्तिको पक्षपोषणद्वारा आन्दोलनको विकाससँगै कम्युनिष्ट पार्टी र आन्दोलन अगाडि बढ्ने हो । अन्यथा आस्थाको बाटो आध्यात्मको बाटो नै हो र यसले धर्मलाई जगेर्ना गरिरहन्छ ।

धर्मसँग जोडिएको अर्को सवाल हो गुण चरित्रको कुरा । यसले प्राकृतिक ढङ्गले धर्मको उत्पत्ति र रक्षा गरिरहेको हुन्छ, यसको श्रोत अनुभवजन्य ज्ञान र त्यसका सीमा नै हुन । प्रकृतिको अध्ययनमा प्रयुक्त वैज्ञानिक पद्धतिले बस्तु र घटनाको गुण चरित्र र सम्बन्धहरूको प्रामाणिक अध्ययन गर्छ, परिघटनाका तथ्यहरूको अध्ययनबाट सत्य निरूपण गर्छ तर, अनुभूति र ज्ञानका सीमाहरूले एक प्रकारको भ्रम पैदा गर्छन् । यही गुण चरित्रहरूको अनुभवसिद्ध ज्ञानको सीमा समाप्तिसँगै पैदा हुने भ्रम अन्योल र आत्मसमर्पणले मस्तिष्कमा पार्ने भ्रमपूर्ण छाप हाम्रो समाजमा प्रचलित रित परम्पराको रूपमा धर्मको आधार बनेका छन् । भौतिक विज्ञानको सामान्यज्ञानको अभावमा एउटा मान्छे भौतिकवादी बन्न सक्दैन । आजका सबै विसङ्गतिको स्रोत यही हो । कम्युनिष्ट आन्दोलनभित्र बसेको आस्था, आत्मसमर्पण अन्धविश्वास जब विमुख दिशामा लाग्छ, यो प्रकारान्तरले धर्मको दिशामा लाग्छ ।

# ह्यारिसद्वारा हार स्वीकार, शान्तिपूर्ण सत्ता हस्तान्तरणको प्रतिबद्धता

**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको जितपछि राष्ट्रपतिको प्रतिस्पर्धामा पराजित उपराष्ट्रपति कमला ह्यारिसले शान्तिपूर्ण सत्ता हस्तान्तरणमा आफ्नो सहयोग रहने प्रतिबद्धता व्यक्त गरेकी छन् ।



पराजयपछि भावुक बन्दै उपराष्ट्रपति ह्यारिसले वासिङ्टनमा एक सम्बोधनमा आँसु झार्दै आफ्ना समर्थकलाई 'निराश नहुन' र आफ्नो हारपछि पनि 'लडिरहन' आग्रह गरेकी छन् ।

रिपब्लिकन नेता ट्रम्पले चार वर्षअघि जो बाइडनविरुद्धको हार स्वीकार्न इन्कार गरेपछि अमेरिकाको राजधानी वासिङ्टनमा उनका समर्थकहरूले गरेको हिंसात्मक आक्रमण भएको स्मरण गर्दै उनले सत्ताको शान्तिपूर्ण हस्तान्तरण सुनिश्चित गर्ने प्रतिज्ञा पनि गरेकी छन् ।

हावर्ड युनिभर्सिटीमा आफ्नो छोटो तर सशक्त सम्बोधनमा ह्यारिसले भनिन्, 'म यो निर्वाचन परिणामलाई स्वीकार गर्छु तर निर्वाचन क्रममा अभियानलाई प्रभावित पार्न गरिएको भड्किलो दुस्प्रचारलाई कहिल्यै स्वीकार गर्नेछैन ।'

'मलाई थाहा छ, धेरै अमेरिकीहरूले हामी अँध्यारो समयमा प्रवेश गर्दैछौं जस्तो महसुस गरेका छन्,' ट्रम्पको आश्चर्यजनक भारी विजयपछि पहिलो सार्वजनिक टिप्पणी गर्दै उनले भनिन् । उनले ट्रम्पको विजयलाई संकेत गर्दै अगाडि भनिन्, 'हामी सबैको फाइदाका लागि त्यसो हुनु हुँदैनथ्यो ।'

अमेरिकाको पहिलो महिला राष्ट्रपति बन्ने असफल प्रयासका क्रममा ट्रम्पलाई लोकतन्त्रका लागि खतराको संज्ञा दिएकी ह्यारिसले ट्रम्पलाई बधाई दिन फोन गरेको एक सहयोगीले बताएका छन् ।

ह्वाइट हाउसमा आफ्नो ऐतिहासिक पुनरागमन ७८ वर्षीय ट्रम्पले फौजदारी अभियोग, पदमा रहँदा दुई पटक महाभियोग र आफ्ना पूर्व चिफ अफ स्टाफको चेतावनीलाई गलत पुष्टि गर्दै पहिलेको तुलनामा ठूलो मतान्तरले जित हासिल गरेका हुन् ।

एक्जिट पोलले मतदाताको मुख्य चासो कोभिड महामारीका कारण बाइडेनको नेतृत्वमा खस्किएको अमेरिकी अर्थतन्त्र र बढेको मुद्रास्फीति नै अमेरिकी निर्वाचनको हार वा जितको कारक हुने देखाएको थियो ।


ह्यारिसले आफूलाई महिलाहरूको समर्थन वृद्धि हुने आशा गर्नुभएको थियो तर सीएनएनको एक्जिट पोलले उनलाई केबल आठ अंकको जनसांख्यिकीय अग्रता दिएको थियो । यो बाइडनले चार वर्षअघि प्राप्त गरेको भन्दा लगभग आधा हो ।

आफ्नो उमेरको चिन्ताका कारण गत जुलाईमा चुनावी दौडबाट बाहिरिएका ८१ वर्षीय बाइडेनले ट्रम्पलाई ह्वाइट हाउसमा आगामी छलफलका लागि निमन्त्रणा गरेको अधिकारीहरूले बताएका छन् ।

नवनिर्वाचित राष्ट्रपतिका प्रवक्ता स्टिभन चेउङले भने, 'ट्रम्पले निमन्त्रणालाई स्वीकार्नभएको छ र चाँडै हुने बैठकबारे आशावादी भएको बताउनुभएको छ ।'

जनवरी २० मा राष्ट्रपतिका रूपमा कार्यभार सम्हाल्दा राष्ट्रपति पदको शपथ लिने सबैभन्दा वृद्ध व्यक्ति हुने ट्रम्पले फ्लोरिडामा बुधबार बिहान एक भाषणमा 'मेक अमेरिका ग्रेट अगेन' भन्ने आफ्नो नारा पूरा गर्ने प्रतिबद्धता जनाएका थिए ।

# अमेरिका र चीनबीच सहकार्य हुनुपर्छ : चिनियाँ राष्ट्रपति



**काठमाडौं/एजेन्सी–** बेइजिङ र वासिङ्टनबीच सहकार्य गर्ने उपाय खोज्नुपर्ने चीनका राष्ट्रपति सी जिनपिङले अमेरिकी नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पठाएको सन्देशमा बताएका छन् । हालका वर्षहरूमा व्यापारदेखि ताइवानबारे दुई देशका अडानका कारण दुई देशबीचको सम्बन्धमा समस्या उत्पन्न भएको छ ।

अमेरिकी राष्ट्रपतीय निर्वाचनमा पूर्वराष्ट्रपति ट्रम्प दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि ट्रम्पलाई पठाएको पहिलो सन्देशमा सीले भने, 'चीन र संयुक्त राज्य अमेरिकाले सहयोगबाट फाइदा उठाउँछन् र मुठभेडबाट पीडित हुन्छन् भन्ने कुरा इतिहासले देखाएको छ । स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्ध दुवै देशको साझा हितमा छ र यो अन्तर्राष्ट्रिय समुदायको अपेक्षा अनुरूप छ ।'

उनले वासिङ्टन र बेइजिङलाई 'संवाद र सञ्चारलाई मजबुत बनाउन' र 'मतभेदको उचित व्यवस्थापन' गर्न आग्रह गरे । उनले भने, 'नयाँ युगमा दुवै देश र विश्वलाई फाइदा पुऱ्याउन विश्वका प्रमुख अर्थतन्त्र चीन र अमेरिकाले 'सही बाटो' खोज्नुपर्छ ।'

चिनियाँ उपराष्ट्रपति हान झेङले पनि अमेरिकी उपराष्ट्रपतिमा निर्वाचित जेडी भान्सलाई सन्देश पठाउँदै बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् । अमेरिकी राष्ट्रपतीय निर्वाचनको प्रचार अभियानका क्रममा रिपब्लिकन नेता ट्रम्प र उनकी डेमोक्र्याटिक प्रतिद्वन्द्वी तथा वर्तमान उपराष्ट्रपति कमला ह्यारिस दुवैले बेइजिङसँग कडा कदम चाल्ने नारा दिएका थिए ।

ट्रम्पले अमेरिका प्रवेश गर्ने सबै चिनियाँ सामानमा ६० प्रतिशत कर लगाउने घोषणा गरेका थिए । स्टिमसन सेन्टरका सिनियर फेलो युन सुनले एएफपीसँग भने, 'नवनिर्वाचित राष्ट्रपतिले अमेरिका र चीनबीचको व्यापारमा केही हदसम्म सन्तुलन मिलाउने लक्ष्य राख्नुभएको छ ।'

उनले भने, 'सम्झौता गर्नुअघि 'अधिकतम दबाब' दिने उहाँको कलालाई ध्यानमा राख्दै, म आशा गर्दछु कि उहाँले विदेशी र खासगरी चिनियाँ सामानमा कर वृद्धि गर्नुहुनेछ ।' चिनियाँ विदेशमन्त्रालयका प्रवक्ताले बिहीबार ट्रम्पलाई राष्ट्रपति निर्वाचित भएकोमा बधाई दिँदै दुवै पक्षले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै हितका लागि सहकार्यका सिद्धान्तलाई कायम राख्ने विश्वास व्यक्त गरेका थिए ।

# जर्मन चान्सलर स्कोल्जलाई तत्काल विश्वासको मत लिन प्रतिपक्षको माग



**काठमाडौं/एजेन्सी–** जर्मनीका चान्सलर ओलाफ स्कोल्जको संकटग्रस्त सरकारलाई संसदमा तत्काल विश्वासको मत पुष्टि गर्न जर्मनीको विपक्षी दलले बिहीबार आग्रह गरेको छ । आफ्नो संसदीय समूहको बैठकपछि बोल्दै सिडियूका अध्यक्ष फ्रेडरिक मर्जले ग्रिन्स र फ्रि डेमोक्र्याट्स (एफडिपी)सँग स्कोल्जको तीन दलीय गठबन्धन 'असफल' भएको बताए ।

महिनौंको तिक्ततापूर्ण आन्तरिक कलहपछि चान्सलरले आफ्ना अर्थमन्त्री क्रिश्चियन लिन्डनरलाई एफडिपीबाट बर्खास्त गरेपछि स्कोल्जको त्रिपक्षीय गठबन्धन टुटेको छ । जर्मनीले धेरै घरेलु र अन्तर्राष्ट्रिय संकटहरूको सामना गरिरहेको समय आएको यो आश्चर्यजनक कदमले चान्सलरको एसपिडी र ग्रीन्सले एक अनिश्चित अल्पमत सरकारको रूपमा शासन गरेको छ ।

यसअघि, स्कोल्जले जनवरी १५ सम्ममा विश्वासको मत लिने र यसले सांसदहरूले मार्चसम्ममा मध्यावधि निर्वाचन गर्ने वा नगर्ने भन्ने निर्णय गर्न सक्ने बताएका थिए । तर बिहीबार स्कोल्जसँग वार्ता गर्ने तयारीमा रहेका मर्जले जनवरीमा नै चुनावका लागि मार्ग प्रशस्त गर्न विश्वासको मत लिन आह्वान गरेका हुन् । उनले भने, 'स्कोल्जले हिजो (बुधबार) राति लिएको फैसला गठबन्धन सरकारको अन्त्य हो र यसैले यो विधायिकी अवधिको अन्त्य हो ।'

देशमा आर्थिक संकट, युक्रेन र मध्यपूर्वमा द्वन्द्व र अमेरिकी सत्ताको परिवर्तनसँगै आएको गठबन्धन तोड्ने निर्णय जर्मनीका लागि ठूलो राजनीतिक अनिश्चितताको अवधिको सामना गर्ने कारकका रूपमा देखिएको छ ।

स्कोल्जले एसपिडीका सदस्य तथा निकट सहयोगी जोर्ग कुकिजलाई आफ्नो नयाँ अर्थमन्त्रीका लागि सिफारिस गरिसकेको सरकारी स्रोतले बिहीबार एएफपीलाई जानकारी दिएको छ । यसैबीच, एफडीपीका यातायातमन्त्री भोल्कर विसिङले आफूले पार्टी परित्याग गरी सरकारमा बस्ने बताएका छन् ।

'स्कोल्जको सत्तारुढ गठबन्धनबाट बाहिरिएका एफडिपीका अन्य क्याबिनेट मन्त्रीहरूसँग म किन सामेल हुन सकिरहेको छैन भने म आफू इमान्दार रहेर राज्यप्रति बफादार भएर काम गर्न चाहन्छु,' विसिङले भने । गठबन्धनको सबैभन्दा सानो दल एफडिपीले लामो समयदेखि कसरी प्रभावकारी बजेट बनाउने र समस्याग्रस्त जर्मन अर्थव्यवस्थालाई उकास्ने भन्नेलगायतका बिषयमा एसपिडी र ग्रीन्ससँग असहमति जनाउँदै आएको थियो ।

# अष्ट्रेलियामा १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रतिबन्ध लगाउने तयारी

**काठमाडौं/एजेन्सी–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले फेसबुक टिकटकजस्ता सामाजिक सञ्जालले बालबालिकाहरूमा हानि गरिरहेको बताउँदै १६ वर्ष मुनिका बालबालिकामा यसको पहुँचमा प्रतिबन्ध लगाउने तयारी गरेको बताएका छन् ।



प्राविधिक विज्ञहरूलाई उमेरको सीमा लागू गर्ने जम्मेवारी दिएको बताउँदै प्रधानमन्त्री अल्बानिजले नियमहरूको उलंघन गरेमा जरिवानाको सामना गर्नुपर्ने उल्लेख गरेका छन् । अष्ट्रेलिया सामाजिक सञ्जालको नकरात्मक प्रभाव नियन्त्रणको प्रयास गर्ने अग्रणी राष्ट्र हो । प्रधानमन्त्री अलबानिजले प्रस्तावित उमेर बालबालिकाका लागि सबैभन्दा महत्वपुर्ण र आमा -बाबासँग बिताउनुपर्ने उमेर भएको उनले प्रष्ट पारेका छन् ।

नोभेम्बरको अन्त्यमा संसदमा पेस हुनुअघि यो कानूनहरू यस हप्ता राज्य र क्षेत्रका नेतासमक्ष प्रस्तुत गरिनेछ । कानून पारित भएपछि, कार्यान्वयनका लागि एक वर्षको अवधि दिइनेछ । यसको प्रभावकारी कार्यन्वयनका लागि आमाबाबु तथा युवाहरू जिम्मेवार हुनेछन् ।

फेसबुक र इन्स्टाग्राम सञ्चालन गरेको मेटा कम्पनीले सरकारले पेस गर्न चाहेको जुनसुकै पनि उमेर सीमालाई सम्मान गर्ने जनाएको छ भने अष्ट्रेलियाले प्रतिबन्ध लागू गर्दा सावधानीपूर्वक सोच्नुपर्ने मेटाका सुरक्षा प्रमुख एन्टिगोन डेभिसले बताएका छन् । हेर्न नचाहेका अनावश्यक सामाग्रीहरु सामाजिक सञ्जालमा प्रणालीमा देखा पर्ने भएकाले नियन्त्रण गर्नु परेको अल्बानिजले बताएका छन् ।

# इजरायलद्वारा लेबनानस्थित हिजबुल्लाहको मुख्य गढमा आक्रमण



**काठमाडौं/एजेन्सी–** इजरायलले लेबनानको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको क्षेत्रमा छापा मार्दै बिहीबार दक्षिण बेरुतस्थित हिजबुल्लाहको मुख्य गढमा हवाई आक्रमण गरेको छ । हिजबुल्लाहले इजरायलको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको सैन्य अड्डालाई लक्षित गरी क्षेप्यास्त्र प्रहारसहित इजरायलमाथि धेरै आक्रमण गरेको दाबी गरेपछि छापा मारेको हो ।

स्वास्थ्य मन्त्रालयले बुधबार पूर्वी लेबनानको बेका उपत्यका र हिजबुल्लाहको प्रभुत्व रहेको घना जनसंख्या भएको प्राचीन सहर बालबेकमा इजरायली आक्रमणले ४० जनाको ज्यान गएको जनाएको छ । गत सेप्टेम्बरको अन्त्यदेखि हिजबुल्लाह र इजरायल कडा युद्धमा छन् भने इजरायलले गाजामा हमाससँग लड्दै उत्तरी सीमा सुरक्षित गर्न तल्लिन छ ।

बेरुत विमानस्थल नजिकै भएको आक्रमणले एउटा हिटर कारखानाको गोदामलाई ठुलो क्षति पुऱ्याएको एएफपीले जनाएको छ । यातायातमन्त्री अलि हामेले विमानस्थलको परिसरसहित केही भवनहरूमा सामान्य क्षति भएता पनि विमानस्थल सामान्य रूपमा सञ्चालन भइरहेको र विमानहरू उडान र अवतरणमा कुनै समस्या नभएको बताएका छन् ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले विजय नभएसम्म हमास र हिजबुल्लाहसँग लड्ने वाचा गरेका छन् । बुधबार अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पसँग कुरा गर्दै उनले इरानले द्वन्द्वमा थप खतरा उत्पन्न गरेको बताएका छन् । प्रधानमन्त्री नेतान्याहुले ट्रम्पलाई चुनावी विजयका लागि बधाई दिँदै इजरायलको सुरक्षाका लागि मिलेर काम गर्न सहमत भएको नेतान्याहुको कार्यालयले जनाएको छ ।

**Invitation for Bids**
**Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Morang**

**Invitation for Bids No: 16/081-82**

**Date of publication: 08th November 2024 (22nd Kartik 2081)**

1. Provinical Government has allocated funds towards the cost of provincial road and intends to apply part of the funds to cover eligible payments under the Contract for Upgrading of Belbari Nagarpalika Ward No. 11 Pragati Marg-Juraha-Prithvi Marg Ward Karyalaya Paschim Milantole Majhigaun Sabhapur Bhhaka Chowk Purbha Janta Ma.Vi. Hudai Jane Road, Contract Identification No. IDO/MOR/NCB/RW-139/081-82. Bidding is open to all eligible as per Section V of bidding document.
2. Infrastructure Development Office, Morang invites sealed bids or electronic bids from eligible bidders for the construction of Upgrading of Upgrading of Belbari Nagarpalika Ward No. 11 Pragati Marg-Juraha-Prithvi Marg Ward Karyalaya Paschim Milantole Majhigaun Sabhapur Bhhaka Chowk Purbha Janta Ma.Vi. Hudai Jane Road under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 4,35,00,000.00
3. Minimum Work experience of similar size and nature: Construction/Upgrading of one Asphalt Road of NRs 1,00,00,000.00
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
6. A complete set of Bidding Documents should be download for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit non-refundable fee of NRs 5000.00 till 08th December 2024 (23rd Mangsir 2081) during office hours.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office : Infrastructure Development Office, Biratnagar
   Office Account no.: 1000100201010001
   Rajaswa (revenue) Shirshak no. 14229
7. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on 2081/08/14 (29th November, 2024)
8. Electronic bids must be submitted to the office of Infrastructure Development Office, Morang through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 09th December 2024 (24th Mangsir 2081). Bids received after this deadline will be rejected.
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 09th December 2024 (24th Mangsir 2081) at the office of Infrastructure Development Office, Morang. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs 7,25,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# बक्स अफिस समाचार

## ‘लाहुर’ जान हिंडेका प्रकाश दुतराज कलाकार बने

**सन्तोष गौतम/रासस**
म्याग्दी, २२ कात्तिक



२०५८ सालको साउनमा अर्मनको खोलाखर्कमा रहेको घरजग्गा सबै पहिरोले सखाप बनाएपछि म्याग्दीको मङ्गला गाउँपालिका-५ का प्रकाश दुतराजका परिवार अस्थायी बसोबासका लागि सदरमुकाम बेनीमा झरेका थिए । गाउँमा खेतीकिसानी गर्ने उर्मीला र विदेश रहेका भक्तबहादुर दुतराजका पाँच छोराछोरी मध्ये दोस्रो सन्तान प्रकाश अर्मनबाट बेनी आउँदा आठ वर्षका थिए ।

‘परिवार ठूलो भएकाले बुवाको विदेशको कमाइ र आमाले ज्याला मजदुरी गर्दा समेत परिवार चल्न समस्या भएपछि मैले नौ देखि १२ कक्षा पढ्दा सम्म बेनीको एक कार्यालयमा मासिक तीन हजार पाँच सय ज्यालामा साँझ/बिहान सरसफाइको काम गरेको थिए,’ उनले भने, ‘१२ कक्षा पढ्दै गर्दा भाइ, बहिनीलाई मेरो जिम्मा लगाएर आमा पनि विदेश गएपछि ममाथि अझै जिम्मेवारी थपियो ।’

सानै उमेरदेखि गीत रचना र गाउने गर्दै आएका प्रकाशले कक्षा १० पढ्दा साथीभाइ र शुभेच्छुकहरुबाट सहयोग जुटाएर ‘सिमसिम पर्‍यो पानी’ बोलको गित रेकर्ड गराएका थिए ।

बाध्यताले पढाइलाई भन्दा कमाईलाई प्राथमिकता दिनुपर्ने अवस्था आएपछि भाई बहिनीलाई गाउँ पठाएर वैदेशिक रोजगारको तयारीसँगै सांगितिक क्षेत्रमा अवसर खोज्न वि.स. २०७१ मा काठमाडौ छिरेका प्रकाशले दोहोरी साँझमा काम पाए ।

‘विदेशको चक्करमा काठमाडौ छिरेको म ज्यान पाल्नका लागि चार वर्ष छ महिना दोहोरी साँझमा काम गरे । दोहोरीसाँझ मेरा लागि गर्जो टार्ने थलो मात्र नभएर गित, संगित सिक्ने पाठशाला पनि भयो,’ उनले भने, ‘दोहोरीको तलब र स्रोता दर्शकको ‘टिप्स’बाट बचेको पैसाले आठ वटा गित बनाएपनि आर्थिक हिसाबले फाइदा भएन् ।’

विदेशको प्रयासमा वि.स. २०७४-७५ को डेढ वर्ष सांगितिक क्षेत्रबाट टाढिएका प्रकाशले आफन्त, शुभचिन्तक र साथीभाईको आग्रहमा सामाजिक विषयबस्तुसँग जोडिएर ‘आरने’, ‘बैनी झ्यालैमा’, चोली मैलो भो‘, बोलको गित बना । आरनेले कृषि औजार निर्माण र मर्मतको काम गर्नेहरु, बैनी झ्यालैले प्रेम कथा र चोली मैलो भो स्कुले जिवनको झल्को दिने कथामा आधारित थियो ।

सांगीतिक क्षेत्रबाट आर्थिक हिसाबले प्रगति गर्न नसकिने निष्कर्ष निकालेर विदेश जानका लागि बेनीको बैङ्कमा घरजग्गा धितो राखेर ऋण निकालेका प्रकाश २०७६ साल फागुनमा काठमाडौं पुगेर आधा पैसा ‘एजेन्ट’लाई दिए । आधा पैसाले गाउँघरमा बुढापाकाबाट सुनेको यातायातको सुविधा नहुदाँ नुन लिन भोट र बटौली गएको कथामा आधारित भएर लेखेको ‘घर कता हो बैनिको, लौन साह्रै मन पर्‍यो’ भन्ने गीत रेकर्ड र म्युजिक भिडियो बनाउने प्रकाशको योजना थियो ।

‘अन्तिम भनेर ‘घर कता हो बैनीको’ भन्ने गीत रेकर्ड र म्युजिक भिडियो बनाएर युट्युमा राखेर घर आएको बेला कोरोना महामारी फैलिएपछि ‘लकडाउन’ भयो,’ प्रकाशले भने, ‘गाउँमा आएको एक हप्तापछि इन्टरनेट भएको ठाउँमा गएर हेर्दा ‘युट्युव’मा राम्रो भ्युज र धेरैले ‘टिकटक’ बनाएको देखेपछि सुखीको सिमा रहेन् । विदेश जाने योजना सफल नहुँदा निराश बनेको थिए । गित चल्न थालेपछि कला क्षेत्रमै संघर्ष गर्ने निधो गरैं ।’

‘युट्युव’मा हालसम्म चार करोड बीस लाख ५६ हजार भन्दा बढी पटक हेरिएको यो लोक दोहोरी गीतमा अभिनय समेत गरेका प्रकाशलाई स्वरमा शान्तिश्री परियारले साथ दिएकी छन् । प्रकाशका ‘रिमै’, ‘रेशम’, ‘जुनमाया’, ‘मन भुल्छ’, ‘मै जाम्ला’को म्युजिक भिडियो ‘युट्युव’मा एक करोड पटक भन्दा धेरै हेरिएका छन् ।

गीत गाएरै बुवा, आमालाई विदेशबाट फर्काएर गाउँमा घर बनाएर राखेका प्रकाशले भाइबहिनीलाई पढाइमा सघाएका छन् । प्रकाशको परिचयसँगै सामाजिक र आर्थिक हैसियत फेरिएको छ । ‘युट्युव’ र स्वदेश तथा विदेशमा हुने ‘स्टेज’ कार्यक्रम उनको आम्दानीको स्रोत हो ।

प्रकाशका गीतमा प्रयोग भएका शब्द र संगित मात्र होइन् नृत्य पनि मौलिक र मनछुने किसिमका छन् । उनी गीतको शब्द रचना, गायन, संगित, निर्देशन र अभिनय आफै गर्छन् । उनका म्युजिक भिडियोले मनोरञ्जनसँगै सन्देश पनि बोकेका छन् । मीठास शब्द र संगितले भरिएको गीतको भिडियोमा मार्मिक र अर्थपूर्ण दृष्य र कथा समेटिएका छन् ।

नेपालीपन भएका सिर्जना स्रोता-दर्शकले मन पराउने प्रकाशको अनुभव छ । ‘अहिलेका दर्शक हरेक दृश्यमा संगीत र कथा खोजिरहेका हुन्छन,’ उनले भने ‘हरेक गीतमा शब्द र संगीतसँगै कथा र दृश्यलाई आफ्नोपन दिलाउने प्रयास गरेको छु ।’

प्रकाश आफू हुर्केको गाउँ-समाज, त्यहाँको परिवेश, संस्कृतिलाई नै आफ्नो संगीतको धरातल मान्छन् । सोही कारण उनका गीतमा गाउँ समाज, परिवेशका कथा पाइन्छ । अभाव, दुःख, विभेद, गाउँ-समाज र परिवेशका कथालाई आफूले सिर्जनामा पस्किने प्रयास गरेको प्रकाशको भनाइ छ ।

**मनोरञ्जनको साथमा सन्देश**

तयार पारेको गीतको विषयमा आफ्नो टिममा छलफल र उनीहरुको सल्लाह सुझाव अनुसार संगित र म्युजिक भिडियो बनाउदा सफलता मिलेको उनको अनुभव सुनाए । ‘करिम’ बोलको गितको म्युजिक भिडियोको कथा र केही दृष्यको विषयमा भएको बिवादलाई उनले कमजोरीबाट पाठ सिक्ने अवसरका रुपमा लिएका छन् ।

गीत सुन्दा र म्युजिक भिडियो हेर्दा स्रोता दर्शकले मनोरञ्जनसँगै सन्देश पनि पाउनुपर्ने हिसाबले काम गर्नुपर्ने प्रकाशको भनाइ छ ।

युवा विदेशिदा रित्तिएका गाउँघरको परिवेशमा आधारित भएर २०७८ सालको दसैँको छेको पारेर दुतराजले आफ्नै युट्युव च्यानलबाट सार्वजनिक गरेको ‘जाम भो माइली‘’को म्युजिक भिडियो हालसम्म दुई करोड १८ लाख १७ हजार पटक हेरिएको छ ।

सुदूरपश्चिम र कर्णाली प्रदेशमा घुमन्ते जीवन बिताइरहेका लोपोन्मुख राउटे समुदायको जीवन शैली झल्काउने दृष्य समावेश गरिएको प्रेम कहानीमा आधारित ‘रिमै’ले युट्युवमा सार्वजनिक भएको प्रकाशको सबैभन्दा धेरै ‘भ्युज’ पाएको छ । हालसम्म चार करोड ७७ लाख २९ हजार पटक हेरिएको रिमैको स्वरमा दुतराजलाई मेलिना राई र अभिनयमा केपीना गोतामेले साथ दिएका छन् ।

डेढ महिनाअघि प्रकाशले सार्वजनिक गरेको ‘रेशम’ गीतको म्युजिक भिडियोमा बर्खामा लेकका बुकीमा तीन/चार महिना परिवारदेखि टाढा रहेर भेडा गोठमा बस्ने गोठालाको कथालाई प्रस्तुत गरेका छन् । रेशम गीतको भिडियो युट्युबमा राखेको दुई महिनाको अवधीमा एक करोड ३४ लाख ७२ हजार भन्दा बढी पटक हेरिएको छ । सिर्जनाले पाएको तारिफ, स्रोता दर्शकको हौसलाले प्रकाशले लाहुरे बन्ने योजनाबाट विश्राम लिएका छन् ।

## ‘अग्निदहन’को प्रचारप्रसार पोखराबाट शुरु, मंसिर ७ गते रिलिज हुँदै

**पोखरा/मस** – नेपाली चलचित्र ‘अग्निदहन’को प्रचारप्रसार पोखराबाट शुरु भएको छ । मंसिर ७ गतेबाट हलमा प्रदर्शन हुने भएपछि सिनेमाको प्रचारप्रसारको तयारीमा निर्माण टिम जुटेको हो । चलचित्र पत्रकार संघ नेपाल कास्कीले बिहीबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा सिनेमाका विषयमा जानकारी गराइएको छ । मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानको प्रस्तुतिमा निर्माण भएको सिनेमा ६ वर्ष अगाडि छायाँकन गरिएको हो ।




सिनेमाका प्रस्तुतकर्ता मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानका अध्यक्ष कोभिदशरण उपाध्यायले कार्यक्रमको शिलशिलामा आफू धादिङ पुग्दा बोक्सीका नाम गरिएको कुकृत्यलाई देखेर सामाजिक चेतना फैलाउन सिनेमा निर्माण गरिएको बताए । ‘शुरुमा मान्छे बोक्सी हुन्न कहिल्यै किताब प्रकाशन गरिएको थियो । त्यसपछि गीत निर्माण भयो । सकरात्मक प्रतिक्रियापछि मात्रै सिनेमाको रुप लिएको हो,’ उनले भने ।

सिनेमालाई अभियानकै रुपमा अगाडि बढाई देशका ५ सय भन्दा बढी ठाउँमा पुगेर प्रदर्शन समेत गरिएको उपाध्यायले जानकारी गराए । सिनेमा भोजपुरी र मैथली भाषामा समेत डब भएको छ । अब हिन्दी भाषामा डब हुन लागेको उनले बताए । उनले अग्निदहनले कमाएको रकम निर्माताको खल्टीमा नजाने र शिक्षा चेतनाकै माध्यमबाट मात्रै बोक्सी प्रथा उन्मुलन हुने उल्लेख गरे ।

निर्देशक घनश्याम लामिछानेले ‘अग्निदहन’ मनोरञ्जनात्मक सिनेमा नभइ सामाजिक चेतना प्रवाह गर्ने सिनेमा भएको बताए । पृथक सिनेमा बनाइएको र स्वच्छ भावनाले काम गरिएको सिनेमा भएकाले पनि हलमा समेत दर्शकको माया पाउनेमा उनी आशावादी छन् । सिनेमा ९० मिनेटको भएको र सिनेमा हेर्दा आफ्नै सामाजिक परिवेशको कथा भेटिने उनको भनाइ छ ।

कलाकार प्रकाश घिमिरेले समाजलाई सन्देश प्रवाह गर्ने सिनेमा अभिनयका लागि रोजाईमा पर्ने र अग्निदहन सोहि सिनेमा भएको बताए । बोक्सी प्रथाविरुद्धको कथामा कलाकारिता मार्फत गासिन पाउँदा खुशी लागेको उनको भनाइ छ ।

कलाकार माओत्से गुरुङले सिनेमामा अन्धविश्वासलाई प्रश्रय दिने खालको भूमिका आफ्नो रहेको बताए । दशैंबाट यता नेपाली सिनेमाले हलमा गरेको व्यापार सकरात्मक भएको उल्लेख गर्दै समाज सेवाका लागि बनाइएको सिनेमालाई समेत दर्शकले माया दिने उनले उल्लेख गरे ।

कलाकार प्रमिला तुलाचन सिनेमामा बोक्सीका रुपमा प्रस्तुत भएकी छन् । अहिले सम्म नगरेको पात्रका रुपमा आफुले अभिनय गरेको जानकारी उनले गराइन् । कलाकार तुलसी क्षेत्री लोकदोहोरी क्षेत्रबाट अभिनयमा आएकी हुन् । पहिलो चलचित्र भएकाले पनि आफ्नो भूमिकाले दर्शकको मन छुनेमा उनी आशावादी छिन् ।

लोकमणि पौडेलको उपन्यास ‘अग्निदहन’मा आधारित भएर बनेको सिनेमामा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, ताराबहादुर गुरुङ, उर्मिला पौडेल, प्रशिना आचार्य, माधवशरण पौडेललगायतको अभिनय छ । सिनेमाका संरक्षक मोहनराज पौडेल हुन् । सिनेमाको गीत र ट्रेलर सार्वजनिक भइसकेको छ । दुई मिनेट ३६ सेकेण्डको ट्रेलरमा नाँच्दै गरेकी एक महिला अचानक लडेर काम्न थालेपछि उनलाई बोक्सी लागेको भन्दै दिइएको अनेक मानसिक यातनालाई समेटिएको छ ।

समाजसेवीको भूमिका निभाएका पुरुष प्रकास घिमिरेले ‘बोक्सी अन्धविश्वास हो’ भनिरहँदा समाजले धामीझाँक्री लगाउन भन्दै उनलाई दिइएको अनेक यातनलाई ट्रेलरमा स्थान दिइएको छ । बोक्सीको आरोप लगाइएकी माइली दमिनी भनिएकी महिला प्रमिला तुलाचनले फिल्मकी कलाकार अनुपमा भण्डारीलाई ‘अञ्जली म तिमीलाई लिन आएको’ भन्दै बोलाउन थालेपछि अनुपमामा देखिएको त्रासलाई ट्रेलरमा देखाइएको छ । बोक्सीको आरोप लागेपछि महिला कतिसम्म विक्षिप्त हुन्छन् भन्ने कुरा ट्रेलरमा प्रस्तुत गरिएको छ ।

नेपालको निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले समेत हेरिसकेको यो फिल्मलाई चलचित्र विकास बोर्डले ‘विशेष चलचित्र अवार्ड’ समेत दिइसकेको छ ।


**साउदीमा रोजगार** — कम्पनी: DEVES BEYD WABID FOR MEALS — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७६०० LT. No.: 313187

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**फ्रेन्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा. लि.**
इजाजत पत्र नं. ३९८/०६०/०६१
बसुन्धारा-३, काठमाडौं, नेपाल फोनः ५९०४९५५, फ्याक्सः ४४३४४६६
Email: info@friendshipmanpower.com | Web.: www.friendshipmanpower.com



**OMAN मा रोजगार** — GOLDEN CORNER COMMERCIAL PROJECTS
पूर्व स्वीकृती मितिः २०८१/०७/१४ चलानी नं. : ६०२२७६०६ LT No.: 313055

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | HAIR STYLIST (F) | 0 | 1 | काममा दक्ष | 170 | ५९,६००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ कार्तिक ३० गते (15 Nov., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com



**युएईमा रोजगार** — कम्पनी: AFFORDABLE GUARDING SERVICES LLC — शहर: UAE
पुर्व स्वीकृत मितिः २०८१/०४/१३ चलानी नं.: ६०२२२७८८ L.T. No.: 308084 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lifeguard/Fitness Technician | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,९५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security | 18 | 0 | | 1200 | ४३,९५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HIMALAYAN GORKHA HR SOLUTION PVT LTD** Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660, Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551, E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np



**युएईमा रोजगार** — कम्पनी: PETROCOOL TECH CONT LLC — शहर: UAE
पूर्व स्वीकृत मिति : २०८१/०२/२७ चलानी नं.: ६०२२०७८४ LT. No.: 306070 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५१२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Finishing Carpenter | 10 | 0 | | 1400 | ५१२८२ | | | | | | | |
| 3. | Instrument Tube Fitter | 5 | 0 | | 1400 | ५१२८२ | | | | | | | |
| 4. | Marine Mechanic | 10 | 0 | | 1500 | ५४९४५ | | | | | | | |
| 5. | Office Clerk | 0 | 1 | | 1000 | ३६६३० | | | | | | | |
| 6. | Ss Welder | 5 | 0 | | 1300 | ४७६१९ | | | | | | | |
| 7. | Structural Fabricator | 5 | 0 | | 1300 | ४७६१९ | | | | | | | |
| 8. | Welder Mig/tig Grade 2 | 5 | 0 | | 1300 | ४७६१९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**GREEN LAND HUMAN RESOURCE PVT. LTD.**
Buddhanagar- 10, Kathmandu, Nepal 01-5914267 greenlandhr23@gmail.com.



**युएईमा रोजगार** — कम्पनी : AL MANSOOR ENTERPRISES-SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/११ चलानी नं.: ६०२१२११६ LT. No.: 297013 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter | 117 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३९५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 40 | 0 | | 1200 | ४३९५६ | | | | | | | |
| 3. | General Labour | 209 | 0 | | 1000 | ३६६३० | | | | | | | |
| 4. | Mason | 54 | 0 | | 1200 | ४३९५६ | | | | | | | |
| 5. | Reinforcing Fitter | 111 | 0 | | 1200 | ४३९५६ | | | | | | | |
| 6. | Welder | 50 | 0 | | 1200 | ४३९५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम इजाजत नं.: ३९१/०५९/०६०
भिमसिनगोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com



**SAUDI मा रोजगार**
१ कम्पनी: AL-AHD PIONEER OPERATION AND MAINTENANCE COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/२० चलानी नं.: ६०२२७५३४ LT. No.:313079

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३५,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२ कम्पनी: ANWAR AL-TARIQ COMMERCIAL SERVICES COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०१० LT. No.:309342 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office and Facility Cleaning Worker | 1 | 0 | | 1000 | ३५८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १ रु १०,००० २ नि शुल्क |

**Raj Group Of Company Pvt. Ltd.**
RAJ GROUP OF COMPANIES License No.:1245/074/075
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



**FREE VISA, FREE TICKET सहित UAE को ABU DHABI AIRPORT PROJECT को लागि रोजगार**
कम्पनी: CAPITAL CATERING AND SERVICES- SOLE PROPRIETORSHIP LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः२०८०/०५/२५ चलानी नं.: ६०२१८१९४ LT. No.: 292423 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Catering Supervisor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४९४५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Cleaning Supervisor | 5 | 2 | | 1500 | ५४९४५ | | | | | | | |
| 3. | Assistant Cook/commi Iii | 41 | 0 | | 1200 | ४३९५६ | | | | | | | |
| 4. | Asst Chief Steward | 5 | 0 | | 1500 | ५४९४५ | | | | | | | |
| 5. | Asst. Storekeeper | 5 | 0 | | 1500 | ५४९४५ | | | | | | | |
| 6. | Baker | 5 | 0 | | 1800 | ६५९३४ | | | | | | | |
| 7. | Butcher | 10 | 0 | | 2000 | ७३२६० | | | | | | | |
| 8. | Cashier | 10 | 5 | | 1500 | ५४९४५ | | | | | | | |
| 9. | Catering Supervisor | 5 | 1 | | 2500 | ९१५७५ | | | | | | | |
| 10. | Chief Steward | 5 | 0 | | 2500 | ९१५७५ | | | | | | | |
| 11. | Cleaner | 47 | 20 | | 930 | ३४०६५ | | | | | | | |
| 12. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ९१५७५ | | | | | | | |
| 13. | Commi Cook | 24 | 0 | | 1800 | ६५९३४ | | | | | | | |
| 14. | General Helper | 43 | 0 | | 1092 | ३९९९९ | | | | | | | |
| 15. | Heavy Driver | 22 | 0 | | 2800 | १०२५६४ | | | | | | | |
| 16. | Logistics Assistant | 29 | 0 | | 1092 | ३९९९९ | | | | | | | |
| 17. | Office Boy/girl | 5 | 4 | | 1100 | ४०२९३ | | | | | | | |
| 18. | Pastry Cook | 10 | 0 | | 2000 | ७३२६० | | | | | | | |
| 19. | Pest Controller | 5 | 0 | | 1400 | ५१२८२ | | | | | | | |
| 20. | Salad Maker | 10 | 0 | | 1800 | ६५९३४ | | | | | | | |
| 21. | Sandwich Maker | 8 | 0 | | 1800 | ६५९३४ | | | | | | | |
| 22. | Steward | 49 | 0 | | 930 | ३४०६५ | | | | | | | |
| 23. | Store Assistant | 24 | 0 | | 1092 | ३९९९९ | | | | | | | |
| 24. | Technician | 10 | 0 | | 2163 | ७९२३० | | | | | | | |
| 25. | Technician Male | 5 | 0 | | 2500 | ९१५७५ | | | | | | | |
| 26. | Waiter/waitress | 52 | 15 | | 1200 | ४३९५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**THINK BIZ INTERNATIONAL PVT. LTD.**
ThinkBiz Govt. Lic. No. 1608/079/080
Subhidhanagar Marg, Tinkune, Kathmandu, Nepal
www.thinkbiz.com.com cv@thinkbiz.com.np 01- 5914635



**Cyprus मा रोजगारको अवसर**
१.कम्पनीः Ero Christoforou Private Employment Agency., Cyprus, Paphos.
पूर्व स्वीकृती मितिः– २०८१।११।२० चलानी नं. ६०२१८८८७ LT.No.304061 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barmaid | 1 | काममा दक्ष | 800 | १,१५,३६८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनीः Ero Christoforou Private Employment Agency., Cyprus, Paphos.
पूर्व स्वीकृती मितिः– २०८०।११।१३ चलानी नं. ६०२१५४२२ LT.No.300448 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 1 | काममा दक्ष | 770 | १,११,०४१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.३०,०००/- |

अन्तर्वार्ता २०८१ कात्तिक ३० गते (15 Nov., 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Apps Services Pvt.Ltd.**
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



**एस.एल.डी ईन्टरनेशनल प्रा.लि. को जरूरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **एस.एल.डी.ईन्टरनेशनल प्रा.लि.** (श्रम इजाजत पत्र नं. ६७२/०६३/०६४) को नाममा विभिन्न व्यक्तिहरुले वैदेशिक रोजगारको लागि पठाइदिन्छु भनि विभिन्न व्यक्तिहरुबाट रकम संकलन गरेको भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । साथै यस प्रा.लि.को कुनै पनि शाखा कार्यालय नभएको पनि सम्बन्धित सबैमा जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने र यस प्रा.लि.को नाममा कुनै अनधिकृत व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८.



**सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.**
का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं फोन न.: ०१-५१०४५८८

**कार्यालय सरेको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०७/२३

यस सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.को कार्यालय काठमाडौं जिल्ला का.म.न.पा वडा न. ३२, सुबिधानगर, कोटेश्वरबाट काठमाडौं जिल्ला का.म.न.पा वडा न.०५, हाडीगाउँमा मिति २०८१/०६/२० गतेबाट सरेको हुँदा, संस्थाको सम्पूर्ण सेवा सुबिधाहरु पनि यहींबाट सुचारु भएको जानकारी सम्पूर्ण सदस्य ज्युहरुलाई गराउन चाहन्छौं ।

# नेपालको लगातार दोस्रो जित

**काठमाडौं/मस-** आईसीसी यु-१९ महिला टी-२० विश्वकप एसिया छनोटको खेलमा नेपालले लगातार दोस्रो जित हासिल गरेको छ । संयुक्त अरब इमिरेट्स (यूएई)को अजमानस्थित द सेभेन रंगशालामा बिहीबार भएको खेलमा नेपालले कुवेतलाई एक सय आठ रनको फराकिलो अन्तरले पराजित गर्दै दोस्रो जित हासिल गरेको हो ।

टस जितेर पहिला ब्याटिङ गरेको नेपालले कुवेतलाई जितका लागि एक सय ३१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । जवाफी ब्याटिङमा उत्रिएको कुवेत १३ ओभरमा सबै विकेट गुमाएर २२ रनमा समेटियो ।

कुवेतका लागि कप्तान जिफा जिलानीले सर्वाधिक १२ रन बनाइन् । उनले १७ बलमा दुई चौका प्रहार गर्दै १२ रन बनाएकी हुन् । कप्तान जिलानीबाहेक अन्य खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन् । आयशा इकबाल पेवेकरले तीन बलमा दुई रन बनाएर आउट भइन् । साराह जसवीले १२ बलमा चार रन बनाइन् भने जिनिया अफरोज र स्वातिबा कुलदीपसिंह परमारले समान एक/एक रन बनाए ।

क्यान्डिस डायस, रेलिन मारिया डी सुजा, ईशान्वी मोहन सिंह, पर्ल सेरेना साइमन, खादिजा जाहिर हुसेन र अमिषा राम ओलाचेरी शून्य रनमा आउट भए ।



नेपालका लागि रचनाकुमारी चौधरी र सीमा केसीले समान दुई/दुई विकेट लिए । त्यस्तै, कप्तान पूजा महतो, कृश्मा गुरुङ, मनिशा कुमारी उपाध्यायले समान एक/एक विकेट लिए । यो खेलमा कुवेतले अतिरिक्त दुई रन पायो ।

त्यसअघि नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय तीस रन बनाएको थियो । नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक ३४ रन बनाइन् । उनले ३८ बलमा चार चौका प्रहार गर्दै सर्वाधिक ३४ रन बनाएकी हुन् ।

साना प्रवीणले १८ बलमा २५ रन बनाइन् । उनले सो क्रममा पाँच चौका प्रहार गरिन् । ज्योत्सिन्का मरासिनीले १८ बलमा एक चौकाको मद्दतले २३ रन बनाइन् । नेपालका लागि सावित्री धामी र सोनी पाख्रिनले समान छ/छ रन बनाए भने सीमा केसीले चार रन बनाएकी थिइन् ।

नेपालका लागि कृश्मा गुरुङले एक रनको योगदान दिइन् भने रचनाकुमारी चौधरी र रिया शर्माले एक रन पनि जोड्न सकेनन् । नेपालले अतिरिक्त १६ रन प्राप्त गरेको थियो ।

कुवेतका लागि आयशा इकबाल पेवेकरले दुई र जिफा जिलानी र अमिषाराम ओलाचेरीले समान एक/एक विकेट लिएका थिए । यसँगै कुवेतले लगातार दोस्रो हार व्यहोरेको छ । बुधबार यूएईले एक सय छ रनको अन्तरले कुवेतलाई पराजित गरेको थियो ।

नेपालले अब शनिबार यूएईसँग खेल्नेछ । छनोट खेलमा आयोजक यूएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट हुनेछ ।

# सुनमायालाई एडभेन्चर रनिङ महासंघको स्वागत

**काठमाडौं/मस-** नेपाल एडभेन्चर रनिङ महासंघले चीनमा भएको २ अन्तर्राष्ट्रिय ट्रेल रेसमा स्वर्ण पदक जित्न सफल धाविका सुनमाया बुढालाई बिहीबार स्वागत गरेको छ । सुनमाया बिहीबारै स्वदेश फर्केकी हुन् । राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिका पूर्व सदस्य समेत रहेको महासंघका अध्यक्ष एकेन्द्र कुँवर, वरिष्ठ उपाध्यक्ष राजन खत्रीलगायतका पदाधिकारीले सुनमायालाई त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे ।



सुनमायाले अक्टोबर १९ तारिखमा भएको अल्ट्रा ट्रेल निन्घाईंमा स्वर्ण जितेकी थिइन् । ६० किलोमिटर दूरीको रेस सुनमायाले ५ घण्टा ४० मिनेट ०३ सेकेन्डमा पूरा गरेकी थिइन् ।

अर्को स्वर्ण सुनमायाले नोभेम्बर २ तारिखमा भएको साइगु १०० केमा जितिन् । सुनमायाले निर्धारित १ सय ५ किलोमिटर दूरी ९ घण्टा ३२ मिनेट ४७ सेकेन्डमा तय गरेकी थिइन् । दुवै रेसमा सुनमायाले कोर्स रेकर्ड पनि कायम गरेको महासंघकी सदस्य एवम् अन्तर्राष्ट्रिय समन्वयकर्ता प्रीति खत्रीले जनाएकी छन् ।

दुई प्रतियोगितासहित सुनमायाले यो वर्ष ९ अन्तर्राष्ट्रिय रेसमा सहभागिता जनाएकी छन् । बाँकी ७ रेस मध्ये सुनमाया ३ मा पहिलो तथा १ मा तेस्रो स्थानमा रहिन् ।

अध्यक्ष कुँवरले सुनमायाको सफलता र साहसको प्रशंसा गर्दै चाँडै नगद पुरस्कारसहित सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# क्रस कन्ट्रीको तयारी अन्तिम चरणमा

**पोखरा/मस-** तेस्रो पोखरा अन्तर्राष्ट्रिय क्रस कन्ट्री दौड प्रतियेगिताको तयारी अन्तिम चरणमा पुगेको छ । पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्ड र हिमालयन टुरिजम फोरम पोखराको संयुक्त आयोजनामा यही कात्तिक २४ गते प्रतियोगिता आयोजना हुने भएको हो ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा हिमालयन टुरिजम फोरम, पोखराका अध्यक्ष विश्वशंकर पालिखेले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । खेलकुदका माध्यमबाट दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउनका लागि प्रतियोगिता महत्वपूर्ण बन्ने उनले विश्वास व्यक्त गरे ।

प्रतियागितामा सहभागिताका लागि चीनको कुनमिङबाट एक सय ३४ जना सहभागी र समर्थक चार्टर्ड उडानमार्फत आज पोखरा विमानस्थलमा अवतरण भएका छन् । प्रतियोगितामा चार वटा विधाका दौडमा एक हजार दुई सय जना खेलाडीले सहभागिता जनाउने हिमालय टुरिजम फोरमका मिडिया संयोजक ई प्रतीकराज पहारीले जानकारी दिए ।

उनका अनुसार प्रतियोगिताको टिम समूहमा ५० किमी, च्यालेञ्ज व्यक्तिगत समूहमा ५० किमी, विद्यार्थी दौडमा पाँच किमी र ह्यप्पी रन समूहमा दुई किमी दौड हुने भएको छ । टिम समूहका विजेताले चार लाख ५८ हजार, उपविजेताले तीन लाख ४३ हजार तथा तेस्रो हुनेले दुई लाख २९ हजार दुई सय पुरस्कार पाउनेछन् । त्यस्तै चौथो र पाँचौं स्थान प्राप्त गर्नेले क्रमशः एक लाख ५२ हजार आठ सय र रु ९५ हजार पाँच सय पुरस्कार प्राप्त गर्ने गरिने पहारीले जानकारी दिए ।

च्यालेन्ज व्यक्तिगततर्फ विजेता महिला र पुरुषले समान रु एक लाख ५२ हजार आठ सय पाउनेछन् भने उपविजेताले रु एक लाख १४ हजार पाउने छन् । त्यस्तै तेस्रो स्थान प्राप्त गर्नेले रु ७६ हजार चार सय पाउनेछन् । प्रतियोगितामा चौथोदेखि सातौं स्थान प्राप्त गर्ने महिला तथा पुरुषलाई रु ३८ हजार दुई सय प्रदान गरिनेछ भने आठौंदेखि दशौं स्थान प्राप्त गर्ने खेलाडीलाई रु १९ हजार एक सय नगद प्रदान गरिनेछ ।

विद्यार्थीतर्फको प्रतिस्पर्धामा विजेताले ३० हजार जित्ने छन् भने उपविजेताले रु २५ हजार र तेस्रो स्थान प्राप्त गर्नेले रु २० हजार प्राप्त गर्नेछन् । प्रतियोगितामा चौथोदेखि छैठौं स्थान प्राप्त गर्नेका लागि रु १०/१० हजार प्रदान गरिनेछ ।

ह्याप्पी रन समूहमा दौड पूरा गर्ने सबै खेलाडीलाई प्रमाणपत्र प्रदान गरिने छ । यी सबै विधाका प्रतियागिताको पुरस्कारका लागि रु १९ लाख ३८ हजार एक सय पुरस्कार रहेको पहारीले जानकारी दिए । कूल ५० किमी पर्वतीय दौड पोखराको लेकसाइडस्थित बाराहीघाटबाट शुरु भएर राष्ट्र बैंक चोक, ड्याम साइड, छोरेपाटन, फुस्रेखोला, रामदी, मट्टीखान, देउराली, फेदीखोला, दमगडे स्कूल, साल्मेडाँडा, रामकोट, कुविण्डे, उल्लेरी, थाप्ले, टाइगर हिल, काब्रे, पुम्दीभुम्दी, तालपारी, द बीच रेष्टुरेण्ट हुँदै पुनःबाराहीघाट आएर पूरा हुनेछ । टिम समूह दौडका लागि १७ वटा नेपाली र चार वटा चिनियाँ समूह गरी २१ वटा समूह दर्ता भएको र यसमा ६३ जना खेलाडी दर्ता भएको पहारीले जानकारी दिए ।

पत्रकार सम्मेलनमा नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिक्मत सिंह ऐरले पोखरासहित नेपाललाई पर्यटकीय रुपमा चिनाउन यो प्रतियोगिता महत्वपूर्ण बन्ने विश्वास व्यक्त गरे ।

## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०७/२३**

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६६६ मिति २०८०/११/२९ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८१/०७/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी लगायत जातका गोलिया थान १४११ को ९८२८.८७ क्यू.फि. काठ र साल जातको दाउरा २३ चट्टा, असना, जामुन, धौटी, पानन, बर्रो, तेंदु, गम्हारी जातको दाउरा १० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:३० वजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जयदुर्गा भवानी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी - २ बाँके**

## कतार र साउदीमा रोजगार

कम्पनी: Imar Trading and Contracting Co. WLL — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०४/२४ — चलानी नं.: ६०२२३२७८ — L.T. No.: 308672 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Jaddarah recruiting co — शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८०/१०/०४ — चलानी नं.: ६०२१३२३२ — L.T. No.: 298169 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklift Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कात्तिक ३० गते (15 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Sinamangal-9, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 01-4116686,014566772,014566771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## KUWAIT मा रोजगार

कम्पनी: RAHI COMPANY FOR TAILORING ARAB MAN'S CLOTHING — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०७/२२ — चलानी नं.: ६०२२७६१४ — LT. No.: 313189

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 9 | 0 | स. काममा दक्ष | 200 | ८७,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक ३० गते (15 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**D SQUARED GROUP PVT. LTD.**
श्रम इजाजत नं. १५०५/०७४/०७५
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9708220255, 9851110238. Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## भेरी अस्पताल, नेपालगञ्ज

**अस्पतालको फार्मेसीबाट बिक्री वितरणको लागि खरिद गरिने औषधि तथा सर्जिकल सामग्रीहरुको बोलपत्रको माध्यमबाट खरिद सम्बन्धी सूचना**

**सूचना नम्बर : BHERI/HP/NCB/81/82/1 (MEDICINE)**
**BHERI/HP/NCB/81/82/2 (SURGICAL)**
**सूचना प्रकाशित मिति : २०८१/०७/२३**

१. यस अस्पतालमा फार्मेसी सेवा सञ्चालनका लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्रीहरू बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक Manifacturing Company वा कम्पनीबाट इजाजतपत्र प्राप्त फर्म तथा सप्लायर्स र Super Stockiest/ Stockiest फर्मबाट प्राप्त प्रमाणपत्र सहित पेश गरी प्राविधिक र आर्थिक प्रस्ताव Soft copy खरिद गरी पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ ।
२. सूचना जारी भएको १५ दिन कार्यालय समयभित्र चालु आर्थिक वर्षको लागि नवीकरण भएको इजाजत पत्र स्थायी लेखा नं म अ कर दर्ता प्रमाणपत्र आ.व. २०७९/८० का कर चुक्ताको प्रमाण वा म्याद थप भएको प्रमाण समेतको प्रमाणित प्रतिलिपि र फर्म दस्तुरका लागि सक्कलै भौचर संलग्न राखी सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp अनलाईन खरिद गर्न सकिनेछ ।
३. छनोट हुने औषधिमा Department of Drug Administratioin दर्ता तथा नवीकरण भएको र आफूले पूर्ति गर्ने औषधि तथा सर्जिकल सामग्रीहरू WHO-GMP Certified हुनुपर्नेछ र आवश्यकअनुसार ISO/EU-GMP certified/USFDA approved/CE certified/CPP आदि प्रमाणित भएको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।
४. बोलपत्र खरिदको लागि दस्तुर रकम रु. ५००० (अक्षररुपी पाँच हजार) फिर्ता नहुने गरी भेरी अस्पतालमा रहेको राष्ट्रिय वाणिज्य बैंकमा रहेकोको ले.नि.का. बाँकेको राजश्व खाता नम्बर १०००१००२०००१०००० मा जम्मा गरेको सक्कलै भौचर, यस अस्पतालको कोड नं. ३७०००५७०२ तथा राजस्व शीर्षक नं. १४२२९ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
५. कम्तिमा १२० दिन मान्य अवधि भएको सर्जिकलको हकमा रु. ५००००० (अक्षरुपी रुपैयाँ ५ लाख) र औषधिको हकमा रु. १५०००००, (अक्षरुपी पन्ध्र लाख) बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र (बिटबण्ड) राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगद जम्मा गरेको बैंक भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।
६. बोलपत्रकले BOQ लिस्टमा उल्लेखित आइटमहरूमा MRP दररेट, प्रस्तावित दर रेट र उत्पादित कम्पनीको नाम अनिवार्य रूपमा भन्नुपर्नेछ र दररेट उल्लेख गर्दा म.अ. कर बाहेकको दर रेट उल्लेख गर्नुपर्नेछ ।
७. प्राविधिक समितिले छनोट गर्दा आवश्यकताको आधारमा आपूर्तिकर्ताले औषधि र सर्जिकल सामग्रीको नमुना समेत पेश गर्नुपर्ने छ ।
८. सूचना प्रकाशन भएको १६ औं दिनको १२ बजेभित्र प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गर्नुपर्नेछ, दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ र प्राविधिक प्रस्ताव मूल्याङ्कन पश्चात आर्थिक प्रस्ताव खोल्ने दिनको लागि पछि सूचना प्रकाशित हुनेछ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कार्यालयलाई बाधा पर्ने छैन, बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खोलेको दिन सोही समयमा हुने ।
९. यस सम्बन्धी विस्तृत जानकारीको लागि भेरी अस्पताल खरिद इकाइमा बुझ्न वा सम्पर्क गर्न सकिनेछ ।
१०. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ संशोधनसहित र ऐन नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित कानुनबमोजिम हुनेछ ।

***नोट : दररेट अनिवार्य ओर्ड फाइलमा कम्पुटर टाईप गरेको हुनु पर्नेछ (अंक र अक्षर दुवै मा) हस्त लिखित दररेट मान्य हुने छैन ।***

**डा. निराजन सुबेदी**
**प्रमुख मेडिकल सुपरिटेण्डेण्ट**

## शे-फोक्सुण्डो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८१/०७/२३**

यस कार्यालयबाट मिति २०८१/०६/०८ गते मध्यान्ह देनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रूपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | बोलपत्र/ठेक्का/प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | SPRM/NCB/DOP/WORKS/2081-082-04 | She Sumdo Dekhi Doguri Samma Paryatan Sadak Nirman | Shelri Dugda Nirman Sewa,Shey-Phoksundo RM-03-Dolpa | 3630127.21 |
| २ | SPRM/NCB/DOP/WORKS/2081-082-05 | Namkha Khola Dekhi Jyanglaa Pass samma Padmarga Nirman | Nima lama Nirman & Transportation Service,Shey phoksundo RM -08-Dolpa | 3394623.82 |

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Sealed Quotation

**Dharan Sub- Metropolitan City Office, Dharan**
**Dharan Sunsari**
**Sealed Quotation No:02/DHARAN/WORKS/SQ/081/82**
**Date of Publication : 06-11-2024**

1. The Dharan Sub- Metropolitan City Office, Dharan invites sealed quotations from registered contractors for the construction of Indreni Marga Road Construction work,Dharan-17.
2. The Estimated amount for the works is(in NRs.): 17,08,707.60 (Exclusive of VAT and Contingencies and including P.S)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at PPMO website www.bolpatra.gov.np/egp

# सहकारीको समस्या सुल्झाउन कानून बनाइने



छबि सापकोटा/मध्यान्ह
काठमाडौं, २२ कात्तिक ।

समस्याग्रस्त सहकारी क्षेत्रमा देखिएका समस्या समाधान सरकारले कानून नै बनाएर सुल्झाउने तयारी गरेको छ । सहकारीको समस्या समाधानका लागि बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ संशोधन गरी कार्यान्वयन गर्नेगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले समेत काम गर्नेछ । सहकारीका समस्या समाधान गर्न संस्थागत रुपमै काम गर्नु आवश्यक देखिएको सरकारले प्रदेशस्तरीय टोली गठन गरेर अगाडि बढेको हो ।

सरकारले तीनै तहका सहकारीको नियमनका लागि नियामक निकाय स्थापनासम्बन्धी कानुनको मस्यौदा तयार गरी सरोकारवालाको राय सुझाव लिनेछ । यस्तै सरकारले बचत तथा ऋणको मुख्य कारोबार गर्ने समस्याउन्मुख सहकारी संस्थाहरुको स्थलगन अनुगमन गरी वस्तुस्थिति र जोखिम आंकलन गर्न विज्ञसहितको टोली प्रदेशस्तरमै खटाउने निर्णय गरेको छ ।

'बचत तथा ऋणको मुख्य कारोबार गर्ने समस्याउन्मुख सहकारी संस्थाहरुको स्थलगत अनुगमन गरी त्यस्ता संस्थाहरुको कारोबारको यथार्थ वस्तुस्थिति र जोखिम समेत आंकलन गरी प्रतिवेदन पेश गर्न प्रत्येक प्रदेशमा कम्तिमा १ (एक) वटा विज्ञ सहितको टोली गठन गरी निश्चित कार्यादेश सहित भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले खटाउने', निर्णयमा उल्लेख छ । निर्णयअनुसार सो टोलीमा वित्तीय क्षेत्रमा काम गरेका जनशक्ति अर्थ मन्त्रालयले र अन्य जनशक्ति संघीय मन्त्रालयले उपलब्ध गराउनेछ । साथै, उक्त टोलीमा सम्बन्धित प्रदेशको सहकारी रजिष्ट्रार वा कर्मचारी र सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको समेत सहभागिता रहनेछ । सचिवस्तरीय निर्णयले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानबिन समितिको प्रतिवेदन, २०८१ ले औंल्याएको कानुनी समस्यालाई सुल्झाउने छ ।

मुख्यसचिव एकनारायण अर्यालको नेतृत्वमा बसेको सचिवस्तरको बैठकले समस्याग्रस्त सहकारीका समस्या सल्टाउनका लागि कानून अल्झन हटाउने र प्रदेशस्तरीय टोली गठन गर्ने निर्णय गरेको हो । कार्यदल प्रधानमन्त्री कार्यालयका कानून हेर्ने सचिवको संयोजकत्वमा अर्थमन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका एकजना निर्देशक, सहकारी विभागका रजिष्ट्रार र प्रधानमन्त्री कार्यालयका सहसचिव नमराज घिमिरे रहनेछन् ।

साथै सचिव स्तरको सोही बैठकले सहकारी संस्थाहरुको नियमनकारी निकाय गठन गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालयले आवश्यक कारबाही तत्काल अगाडि बढाउने र सहकारी ऐन अनुसारको कर्जा सुरक्षण कोष स्थापना गरेर टुंग्याउनका लागि सरकारले पहलकदामी लिनेछ । सहकारी बचतको दुरुपयोग रोकथाम गर्न दीर्घकालीन उपायको रुपमा सहकारी संस्थाको छुट्टै नियमनकारी निकाय गठनको आवश्यकता औंल्याउँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ।

सहकारी ऐन, २०७४ बमोजिम सहकारी संस्था बचत तथा कर्जा सुरक्षण कोष स्थापनाको काम छिटो टुङयाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गर्ने छ । सहकारी क्षेत्रका समस्या समाधानका लागि कानुनी सुधारले अहिले देखिएका सहकारी क्षेत्रमा समस्या समाधान हुने अवेक्षा गरिएको छ ।

# चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन सञ्चालनमा



मध्यान्ह संवाददाता
काठमाडौं, २२ कात्तिक ।

चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन सञ्चालनमा आएको छ । रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिका पहिरेबेंसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारण लाइनलाई बाट विद्युत् प्रवाह (चार्ज) गरी सञ्चालनमा ल्याइएको हो ।

यसैगरी, चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत नै निर्माण गरिएको चिलिमे हब सबस्टेसन पनि बुधबारनै चार्ज गरिएको छ। उक्त सबस्टेसनमा २२०/१३२ केभी, १६० एमभिएका दुईवटा बैंक गरी ३२० एमभिए र १३२/३३ केभीतर्फ, ५० एमभिए क्षमताका पावर ट्रान्सफर्महरु रहेका छन् । आयोजनाअन्तर्गतकै त्रिशूली थ्री बी हब २२० केभी क्षमताको सबस्टेसन यसअघि नै सञ्चालनमा थियो ।

त्रिशूली नदी र त्यसका सहायक खोलाहरुमा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत राष्ट्रिय प्रणालीमा समाहित गर्न निर्माण गरिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनले करिब १२०० मेगावाट विद्युत् प्रवाह गर्न सक्छ ।

अनुमानित लागत ३ अर्ब ६२ करोड ८९ लाख रुपैयाँ रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र जर्मन विकास बैक (केएफडब्लू)को अनुदान रहेको छ। युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण रहेको छ ।

नेपाल विद्युत प्राधिकरण उच्च भोल्टेज ग्रीड विभागका निर्देशक थर्क बहादुर थापाले प्रसारण लाइन र सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेकाले त्यस क्षेत्रमा निर्माण भएका जलविद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत जुनसुकैवेला जोड्न सकिने बताए। चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनमा तत्काल चिलिमे जलविद्युतको अगुवाइमा निर्माण भएका १११ मेगावाटका रसुवागढी, ४२.५ मेगावाटको साञ्जेन र १४.८ मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत चिलिमे हब सबस्टेसनमा जोडिने छ ।

रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन् । दशैं र तिहारको सार्वजनिक विदामासमेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटी प्रसारण लाइन निर्माण सम्पन्न गरिएको थियो । २८ किलोमिटर लामो प्रसारण लाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन् ।

प्रसारण लाइन समुद्री सतहबाट ६८० देखि २६०० मि.सम्म पर्ने भूभागमा निर्माण गरिएको छ । ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नु पर्ने अवस्था थियो । उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको थियो । आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरिएको छ । हेलिकोप्टरबाटसमेत निर्माण सामाग्री ढुवानी गरी टावर निर्माण गरिएको थियो ।

भौगोलिक रुपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनु पर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुंगागिट्टी, बालुवा, टावरका सामान, पानीलगायतका निर्माण सामाग्री मानिस या खच्चडबाट बोकाएर लैजानु पर्ने, बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध,कोभिड-१९,निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले प्रतिकूल मौसमजस्ता कारणले आयोजनाको निर्माण प्रभावित भएको थियो ।

उत्तरगया गाउँपालिका-१ तिरुबाट सोही वडाको सिरुचेतसम्म १ हजार २ सय ३५ मि. लम्बाइमा तार तानिएको छ। मैलुङखोलामाथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ)मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो ।

प्रसारण लाइन अन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म ८ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ। कोरियन कम्पनीहरुको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको विद्युत जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो । माथिल्लो त्रिशूली-१ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ ।

प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४को पुसमा कार्यान्वयनमा आएको थियो ।

# हुन्डाई आयोनिक-५ ईभी अब सय किलोवाटमा उपलब्ध हुने




**काठमाडौं/मस** – नेपालका लागि हुन्डाईको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले नेपाली बजारमा उपलब्ध भइरहेको हुन्डाईको इलेक्ट्रिक कार आयोनिक-५ अब सय किलोवाट मोटरमा उपलब्ध गराउने भएको छ । एक सय किलोवाट क्षमताको आयोनिक-५ ईभीको मूल्य ९२ लाख ९६ हजार रुपैयाँ हुनेछ। सन् २०२२ फेब्रुअरीमा आयोनिक-५ नेपाल आएको थियो।

आयोनिक-५ मा ५८ किलोवाट क्षमताको ब्याट्री जडान गरिएको र यसले ३७५ किलोमिटर सम्मको रेन्ज दिने दाबी गरिएको छ । आयोनिक-५ ले २०२२ को विश्व कार अफ दि इयर, विश्व इलेक्ट्रिक कार अफ दि इयर, र विश्व कार डिजाइन अफ दि इयर जस्ता सम्मानित पुरस्कारहरु प्राप्त गरेको छ। अन्तर्राष्ट्रिय रुपमा समेत चर्चा पाइसकेको हुन्डाई आयोनिक-५ सबैभन्दा बढी सजावटयुक्त र प्रिमियम इलेक्ट्रिक कार भएको दाबी कम्पनीको छ ।

आयोनिक-५ ईभीको मोटर पावर फरक भए पनि सो ईभीले दिने रेन्ज र अन्य स्पेक भने १२५ किलोवाट को जस्तै हुनेछ । करिब एक महिना भित्रै सो नयाँ गाडी नेपाली बजारमा उपलब्ध हुने एक सय किलोवाटको आयोनिक-५ खरिद गर्न चाहने ग्राहकले आजबाटै शोरुममा बुक गर्न सक्नेछन् । प्रिमियम फिचर, भविष्य उन्मुख डिजाइन र उत्कृष्ट रेन्ज आयोनिक-५ लग्जरी क्रसओभर सेग्मेन्टमा बिक्री हुँदै आएको विद्युतीय कार हो।

हुन्डाईले यसलाई आठ सय भोल्ट इलेक्ट्रीकल आर्किटेक्चरमा तयार गरेको हो । आयोनिक-५ नेपालमा उपलब्ध अहिलेसम्मकै छिटो चार्ज हुन सक्ने ईभी हो । यसले ३५० किलोवाट क्षमताको डिसी फास्ट चार्जर सर्पोट गर्छ। उक्त चार्जरले यसलाई १८ मिनेटमा नै १० देखि ८० प्रतिशत चार्ज गर्न सक्नेछ। प्रिमियम ईभी चढ्न चाहनेहरुको लागि आयोनिक-५ एक उत्कृष्ट रोजाइ बन्ने कम्पनीको भनाइ छ ।

# बेलायतको 'वर्ल्ड ट्राभल मार्केट'मा नेपालको पर्यटन प्रवर्द्धन कार्यक्रम

**काठमाडौं/मस** – संयुक्त अधिराज्यमा विश्वकै ठूलो पर्यटन मेला मानिने 'वर्ल्ड ट्राभल मार्केट' मार्फत् नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ। नेपाल पर्यटन बोर्डको नेतृत्वमा नेपालका विभिन्न पर्यटन कम्पनीको सहभागिता रहेको मेलामा नेपालका पर्यटन गन्तव्यबारे विश्वभर प्रचारप्रसार गरिएको हो ।

साहसिक यात्रा, सांस्कृतिक विविधता र दिगो पर्यटनका लागि अग्रणी गन्तव्यको रुपमा नेपालले लन्डनमा आयोजना भएको वर्ल्ड ट्राभल मार्केट (डब्लुटीएम)मा यही कात्तिक २० देखि आफ्नो उपस्थिति जनाउँदै विश्व पर्यटन उद्योगको ध्यान आकर्षित गरेको बोर्डले जनाएको छ। बोर्डकाअनुसार यस वर्षको डब्लुटीएम लन्डन कात्तिक २० देखि २२ सम्मका लागि तय गरिएको छ, जसमा एकसय ८४ देशबाट ४३ हजार सहभागी, तीन हजार आठ सय ७५ प्रदर्शक र ८२ वटा सम्मेलन सत्र आयोजना हुनेछन् । बोर्डले गौरवपूर्वक आफ्नो ४० वर्षको सहभागिता वर्षको उत्सव मनाउँदै विश्व पर्यटन क्षेत्रमा लामो समयदेखिको योगदानलाई निरन्तरता दिइएको जनाएको छ ।




हालै लोन्ली प्लानेटद्वारा सन् २०२४ का लागि 'बेस्ट इन ट्राभल' गन्तव्यका रुपमा घोषित भएपछि यस वर्ष डब्लुटीएममा नेपालको उपस्थिति थप महत्वपूर्ण बनेको बोर्डले जनाएको छ । यसले विश्वभरका यात्रु र पर्यटन व्यवसायीसामु नेपालका सम्पदालाई प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको बोर्डले उल्लेख गरेको छ। बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले वल्ड ट्राभल मार्केटमा सहभागिताले नेपाललाई उच्च सम्भावनायुक्त बजारसँग प्रत्यक्ष संलग्न हुन सघाउ पुग्ने र यसले शीर्ष अन्तर ाष्ट्रिय गन्तव्यको साथ नेपाललाई रहने विश्वास व्यक्त गरे ।

उनले भने, 'यसले नयाँ व्यावसायिक अवसर विकास गर्दै हाम्रो समृद्ध संस्कृति, अनुपम प्राकृतिक दृश्य र पर्यावरणमैत्री पर्यटनमा रुची राख्ने यात्रुसँग सम्बन्ध स्थापित गर्ने अनौठो अवसर प्रदान गर्दछ ।' सिइयो जोशीले नेपाललाई 'बेस्ट इन ट्राभल' गन्तव्यका रुपमा सम्मानित गरेकामा लोनली प्लानेटलाई धन्यवाद दिए। 'लोनली प्लानेटको यो मान्यताले नेपालको पर्यटन सेवालाई थप विश्वसनीयता प्रदान गर्दै प्रतिस्पर्धी गन्तव्यबाट यसलाई अलग बनाउँछ । यस मान्यताले उत्कृष्ट गन्तव्यका रुपमा हाम्रो स्थितिलाई थप मजबुत बनाउँछ र गहिरो तथा दिगो यात्रा अनुभव खोज्ने आगन्तुकलाई आकर्षित गर्ने हाम्रो लक्ष्यसँग पूर्णरुपमा मेल गराउँछ', सिइयो जोशीले भने ।

# पोखरा विमानस्थलमा आठौं पटक अन्तर्राष्ट्रिय उडान



**काठमाडौं/मस** – पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको छ । पोखरा विमानस्थल उद्घाटन भएको दुई वर्षको अवधिमा सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको हो । योसहित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनपछि हालसम्म आठौं पटक अन्तर्राष्ट्रिय उडान भएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी जसोदा सुवेदीकाअनुसार सिचुवान एयरलाइन्सको एयरबस ३१९ विमान एक सय २० यात्रुसहित आज दिउँसो २ बजे पोखरा अवतरण गरेर ३ बजेर ४० मिनेटमा चीनको कुनमिङ उडेको थियो । यद्यपि, यो विमानस्थलमा विभिन्न चार्टर्ड उडान भएपनि अहिलेसम्म व्यावसायिक नियमित उडान हुनसकेको छैन । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको २०७९ पुस १७ गते उद्घाटन गरिएको थियो। विसं २०८० असार ६ गते सिचुवान एयरलाइन्सले पोखरामा पहिलो चार्टर्ड उडान गरेको थियो। उक्त एयरलाइन्सले १७ महिनापछि आज दोस्रो उडान भरेको हो ।

खेलकुदका माध्यमबाट नेपाल र छिमेकी मुलुक चीनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले पर्यटकीय राजधानी पोखरामा यही कात्तिक २४ गतेदेखि हुन लागेको तेस्रो संस्करणको पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगितामा सहभागी हुन आउने चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शक र अन्य व्यक्ति चार्टर्ड उडानमार्फत पोखरा आएका हुन् । 'साझा समृद्धिका लागि दौड'को नारासहित हुने प्रतियोगितामा नेपाल र छिमेकी मुलक चीनका खेलाडीले प्रतिस्पर्धा जनाउने छन् । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका दौडको आयोजक रहेका छन् । हिमालयन टुरिज्जम फोरमले कार्यान्वयन गर्ने उक्त प्रतियोगिता यही कात्तिक २५ गतेसम्म सञ्चालन हुनेछ । नेपालस्थित चिनियाँ दूतावास, चीनको युनान प्रान्तीय खेलकुद ब्युरो, युनान प्रान्तीय सरकारको विदेश मामिला कार्यालय, सिल्क रोड सिटिज एलायन्सजस्ता संस्थाहरुले प्रतियोगितालाई सघाउने बताइएको छ ।

प्रतियोगिताका लागि चिनियाँ खेलाडी आज चीनको कुनमिङबाट पोखरासम्म अन्तर ाष्ट्रिय विमानस्थलमा चार्टर उडानबाट आएको प्रतियोगिताको आयोजक हिमालय टुरिजम फोरमले जनाएको छ ।

# सेफ्स एशोसिएशन अफ नेपालले गऱ्यो पैचोलाई सम्मान

**काठमाडौं/मस**– ग्रामिण क्षेत्र र विषेशगरी उच्च पहाडी क्षेत्रमा उत्पादन हुने कृषि उपजलाई शहरसम्म पुऱ्याइरहेको कम्पनी पैचो पसललाई सेफ्स एशोसिएशन अफ नेपालले सम्मान गरेको छ । सेफ्स एशोसियशन अफ नेपालको २९ औं वार्षिक साधारणसभाको अवसरमा बिहीबार आयोजित 'नेपाली मौलिक खानाको प्रदर्शन' कार्यक्रममा पैचो पसल सम्मानित भएको हो । 'बसेपनि शहर गाँउकै खाने रहर' भन्ने अभियानका साथ गुल्मीको रुरु बलेटक्सारमा प्रसोधन केन्द्र रहेको छ। पैचो पसलले नेपाली तारे होटलदेखि रेष्टुरेन्टको लागि आवश्यक कृषि उपजबाट बन्ने केचप जामदेखि बिभिन्न स्वादका अचार उत्पादन गर्दै आएको छ। नेपाली उत्पादन तारे होटल ग्राहकलाई पुऱ्याएको र सेफ्स एशोसिएशनसँग नजिक भएर काम गरेको भन्दै सम्मान गरेको हो। १०



वर्षदेखि गुल्मीका किसानसँग सहकार्य गरेर अगाडि बढेको पैचोका उत्पादन प्रति उत्पादन प्रति सेफ्सहरु समेत सन्तुष्ट देखिएका छन् । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरुणकुमार चौधरीले नेपाली खानलाई नेपाली सेफ्सले विश्वमाझ फैलाउन महत्वपूर्ण भूमिका खेलेको बताए। 'नेपाली संस्कृति, पहिचान र मौलिक खानाको विदेशसम्म प्रदर्शन गर्न नेपाली सेफ्सको भूमिकालाई राज्यले कदर गर्नुपर्छ, सरकार यस विषयमा गम्भीर बन्छ,' उनले भने । सेफ्स एशोसिएशन अफ नेपालका अध्यक्ष रेशमबहादुर लामाले नेपाली सेफ्सको हक, अधिकार र नेपाली खानाको अन्तर्राष्ट्रिय स्तरसम्म प्रवर्द्धन गर्न एशोसिएशनले काम गरिरहेको बताए । वि.सं. २०५३ सालमा स्थापना भएको एशोसिएशनले वर्ल्ड सेफ्स सोसाईटीमा आवद्ध भई नेपाली खानाको विदेशसम्म प्रचारप्रसार गर्दै आएको अध्यक्ष लामाको भनाइ थियो ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ